का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २९४
- २८ पुस २०७६, सोमबार
- 13 January 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# शिवमायाको शक्ति

**पदबाट राजीनामा गर्न नेकपाको सचिवालय बैठकले आग्रह गरे पनि उपसभामुख शिवमाया तुम्बाहाङ्फे राजीनामा गरेकी छैनन् । नेकपाले सभामुख नछोड्ने अडान र उपसभामुख तुम्बाहाङ्फे राजीनामा गर्न तयार नभए पछि प्रतिनिधिसभा बैठक एक महीनासम्म अवरोध हुने निश्चित भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले उपसभामुख शिवमाया तुम्बाहाङ्फेलाई राजीनामा गर्न आग्रह गर्ने निर्णय गरेको थियो । नेकपा सचिवालयको निर्णय पछि धेरैले आइतबार उपसभामुख तुम्बाहाङ्फेको राजीनामा आउने अनुमान गरेका थिए । किनभने, पटक-पटक स्थगित गरिदै आएको प्रतिनिधिसभा बैठक आइतबार बोलाइएको थियो ।

तर, उपसभामुख तुम्बाहाङ्फेले राजीनामा दिएनन् । बरु, बालुवाटार पुगेर प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजीनामा दिनुपर्ने कारण सोधिन् । प्रधानमन्त्रीलाई भेटे पछि राजीनामा गर्नुपर्ने कारणबारे प्रष्ट हुन चाहेको बताइन् । स्रोतका अनुसार, नेकपा सचिवालय निर्णयको औपचारिक जानकारी उपसभामुख तुम्बाहाङ्फेसम्म पुगेकै छैन ।

उपसभामुख तुम्बाहाङ्फेले यसअगाडि पनि राजीनामा दिनुपर्ने प्रष्ट कारणको माग गर्दै आएकी थिइन् । नेकपाका नेताहरुले भने पार्टीले सभामुख नछोड्ने निर्णय गरेपछि उपसभामुख अवरोध बन्न नहुने अभिव्यक्ति समेत दिदैं आएका छन् ।

उपसभामुख तुम्बाहाङ्फेकै अडान पछि आइतबार बोलाइएको प्रतिनिधि सभाको चौथो बैठक पनि सूचना टाँस गरेर स्थगित भएको छ । आइतवार १ बजेका लागि बोलाइएको बैठक सभामुखको टुँगो लाग्न नसकेका कारण सूचना टाँस गरी स्थगित गरिएको हो । पुस ४ गतेबाट सुरु भएको प्रतिनिधि सभाको हिउँदे अधिवेशन अन्तर्गतको बैठक यसअघि ११ र १६ गते पनि सूचना टाँस गरी स्थगित भएको थियो । यसपटकको सूचनामा अर्को बैठक माघ ६ गते १ बजेका लागि डाकिएको छ ।

उपसभामुख शिवमाया तुम्बाहाङ्फेले यसअघि संसद बैठक बसाउनका लागि लगातार प्रयास गरे पनि बैठक बस्न सकेन । त्यसका लागि उपसभामुखले सत्तारुढ नेकपाका अध्यक्षद्वयलाई भेटेर विषय टुंग्याउन अनुरोध गरेकी थिइन् ।

त्यसपछि शनिबार बेलुका बसेको नेकपा सचिवालय बैठकले उपसभामुख शिवमाया तुम्बाहाङ्फेलाई पदबाट राजीनामा दिन आग्रह गरेको थियो । तर, उपसभामुखले सभामुखको टुंगो नलागेसम्म पदबाट राजीनामा नदिने अडान राखेकी छिन् ।

यतिबेला प्रधानमन्त्री केपी शर्मा ओली, अध्यक्ष पुषपकमल दाहाल प्रचण्ड र उपसभामुख तुम्बाहाङ्फे छलफलमा छन् । उम्मेद्वार चयनमा विवाद हुँदा सभामुखको निर्वाचन कार्यतालिका सार्वजनिक हुन सकेको छैन । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने प्रतिनिधिसभा बैठक लगातार स्थगित भएकोमा आपत्ति जनाएको छ । प्रवक्ता विश्वप्रकाश शर्माले जारी गरेको बाँकी पृष्ठ २ मा



**पृथ्वी जयन्ती**: २९८औं पृथ्वी जयन्तीका अवसरमा पोखरास्थित राष्ट्रिय विभूति तथा शहीद पार्कमा रहेको पृथ्वीनारायण शाहको शालिकमा हेलिकप्टरबाट पुष्पवृष्टी गरिँदै ।
*तस्बिरः रासस*

# अन्ततः हेटौंडा

**बालुवाटारकै निर्णयअनुसार, नेकपाले सांसदहरूलाई ह्वीप जारी प्रदेश-३ को राजधानी हेटौडा र नाम बागमती प्रदेशसभाबाट पारित भएको छ । विपक्षीमा विवेकशील दलको तीन मत मात्रै खसेको छ ।**

**मध्यान्ह संवाददाता**
हेटौंडा, २७ पुस



देशकै राजधानी काठमाडौंसहितका शहर भएको प्रदेश नम्बर ३ को राजधानी हेटौडा बनेको छ भने नाम वाग्मती प्रदेश राखिएको छ । प्रदेश ३ को प्रदेश सभाले प्रदेशको नाम र राजधानी सम्बन्धी प्रस्ताव आइतबार पारित गरेको छ । जसअनुसार अस्थायी रुपमा प्रदेश राजधानी तोकिएको हेटौडा स्थायी राजधानी बनेको छ भने बाग्मती नदीको नामबाट प्रदेशको नामाकरण भएको हो ।

राजधानीका विषयमा प्रदेश नं ३ सरकारले गरेको प्रस्तावको पक्षमा १०५ मत खसेको थियो । एक सय १० सदस्य रहेको प्रदेश सभामा सो प्रस्तावको विपक्षमा तीन मत खसेको थियो । नाम वाग्मती राख्न कांग्रेस सांसद इन्द्र बानियाँले राखेको प्रस्तावको पक्षमा सर्वसम्मत भयो । नाम र राजधानीबारे निर्णय हुन नसकिरहेका बेला सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी नेकपाले प्रदेशको नाम वाग्मती र राजधानी हेटौँडाका पक्षमा मतदान गर्न बाँकी पृष्ठ २ मा

# आफ्नै विमानमा विदेश यात्रा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

प्रधानसेनापति पूर्णचन्द्र थापा नेपाली सेनाकै विमानबाट पहिलो पटक विदेश यात्रामा लागेका छन् । नेपाली सेनाको एम २८, स्काइट्रक विमान चढेर उनी बंगलादेश पुगेका छन् । बंगलादेशका सेना प्रमुख अजिज अहमदको औपचारिक निमन्त्रणामा उनी आइतबार त्यहाँ पुगेका छन् । प्रधानसेनापति थापा सात सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बंगलादेश गएको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

यही पुस २ गते अमेरिकाले नेपाली सेनालाई हस्तान्तरण गरेको उक्त विमान चढेर प्रधानसेनापति बंगलादेश गएका हुन् । अमेरिकाले नेपाली सेनालाई एकसाथ साढे दुई अर्ब रुपैयाँ बराबरका दुईवटा स्काईट्रक प्रदान गरेको थियो । प्रधानसेनापति थापा तिनै दुईमध्ये एक स्काइट्रकमा आइतबार बंगलादेश गएका हुन् । प्रधानसेनापति थापालाई बलाधिकृत रथी शरदकुमार गिरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए ।

'भ्रमणको दौरानमा प्रधानसेनापतिले बंगलादेशका बिभिन्न सैनिक युनिटको भ्रमण, उच्चस्तरीय पदाधिकारीसँग भेटवार्तालगायत ऐतिहासिक स्थलसमेत भ्रमण गर्ने कार्यक्रम छ,' नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख छ । बंगलादेशको औपचारिक भ्रमण सम्पन्न गरी माघ १ गते स्वदेश फर्कने उनको कार्यक्रम रहेको छ। प्रधानसेनापति बंगलादेश रहँदा बलाधिकृत बाँकी पृष्ठ २ मा

# चिकित्सकको बकपत्र हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

निर्वतमान सभामुख कृष्णबहादुर महराको जबरजस्ती करणी प्रयास प्रकरणमा पीडित रोशनी शाहीको स्वास्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्र हुने भएको छ । जिल्ला अदालत काठमाडौँले आइतबार पीडित शाहीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको बकपत्र गराउन आदेश दिएको छ । तत्कालीन सभामुख कृष्णबहादुर महराविरुद्ध लागेको करणी प्रयास मुद्दाको सुनुवाइ गर्दै जिल्ला न्यायाधीश अम्बरराज पौडेलको इजलाशले स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलगायत अन्य प्रमाणसमेत जुटाउन आदेश दिएको हो ।

पीडित शाहीको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुतिगृहमा भएको थियो । प्रसुतिगृहका तीनजना डाक्टरको टोलीले उनको परीक्षण गरेको थियो । घटनामा जोडिएका व्यक्तिहरुसँग जिल्ला अदालतले मंसिरको अन्तिम साताबाट बकपत्र गराउन थालेको थियो । अब स्वास्थ्य परीक्षण गर्ने डाक्टरको पनि बकपत्र हुने जनाइएको छ । पीडित रोशनी र महराको बकपत्र भइसकेको छ । यसैगरी, सुरक्षाकर्मी, घटनाबारे सुरुमा जानकारी पाएका सांसद, घटनास्थल पुगेका व्यक्ति लगायतको बकपत्र पनि सकिएको छ । परीक्षण गर्ने चिकित्सकको बकपत्र गर्न बाँकी रहेकाले प्रमाण बुझ्ने कार्यलाई सक्न बाँकी पृष्ठ २ मा

# ठगी नियन्त्रणमा प्रहरी र विभाग सँगै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस



**वैदेशिक रोजगार विशेष**

वैदेशिक रोजगार विभाग र नेपाल प्रहरीको अपराध अनुसन्धान विभागबीच वैदेशिक रोजगारको नाममा हुने मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गरी पीडितको संरक्षण तथा पुनर्स्थापना गर्ने उद्देश्यसहति समझदारी भएको छ । आइतबार गृह मन्त्रालयमा गृहसचिव प्रेम कुमार राई, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव विनोद केसी, नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनाल र वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारीले वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित र शोषण रहित वनाउने अपेक्षा लिइएको समझदारी पत्रमा विभागको तर्फबाट हस्ताक्षर गरेका महानिर्देशक डा. भीष्मकुमार भूसालले बताए । यस प्रकारको समझदारीका लागि विभाग र प्रहरीबीच विगत ६ महिनादेखि छलफल जारी रहेको थियो । नेपालबाट अमेरिका, क्यानडा तथा यूरोपेली मुलुकहरुमा स्थायी बसोवास सहित आकर्षक वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गर्ने गरेको उजुरी बढेपछि प्रहरी र विभाग त्यस विषयमा केन्द्रित भएका थिए ।

समझदारी अनुसार वैदेशिक रोजगारका क्रममा वा वैदेशिक रोजगारीको आवरणमा मानव तस्करीमा परेमा पीडित तथा म्यानपावर कम्पनीबाट ठगिएकाहरुले नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्ने छन् । उक्त जाहेरी वा सूचना नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र वैदेशिक रोजगार विभाग समक्ष आइपुग्ने छ । उजुरीमा उल्लेखित विषयबस्तु वैदेशिक रोजगारसँग सम्बन्धित भए विभाग र ठगी वा मानव तस्करीको भएमा प्रहरीले अनुसन्धान र अभियोजना गर्ने छ ।

वैदेशिक रोजगारीमा जाने क्रममा म्यानपावर कम्पनीबाट ठगीमा परे पनि नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सकिने तर त्यसको छानविन विभागले गर्ने महानिर्देशक डा. भूसालले आइतबार विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए ।

वैदेशिक रोजगारीमा खाडी र मलेसिया भन्दा पनि अमेरिका, क्यानडा र युरोपका विभिन्न देशमा बसाई सराई सहितको आकर्षक वैदेशिक रोजगारीको प्रलोभनमा पार्ने मानव तस्करहरुले पीडितका परिवारलाई समेत मानसिक यातना दिएर रकम असुल गर्ने डरलाग्दो अवस्था देखिएको विभाग र प्रहरीको संयुक्त निष्कर्ष रहेको छ ।

संयुक्त अनुसान्धानको कार्यलाई संयोजन र सहकार्यका लागि विभागका महानिर्देशकको नेतृत्वमा रहने गरी चार सदस्यीय समन्वय समिति गठन गरिएको छ । समितिमा नेपाल प्रहरीका एक प्रतिनिधि, विभाग र नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरोका सम्पर्क अधिकृतहरु सदस्य रहने छन् । समितिको सचिवालय विभागमा रहने छ भने समितिको बैठक अवश्यकता अनुसार बस्ने समझदारीमा उल्लेख छ ।

समझदारीमा वैदेशिक रोजगारीको क्रममा मानव बेचबिखनका जोखिमका क्षेत्रहरु पहिल्याई त्यसको निवारणका लागि दुवै निकायका कर्मचारीहरुलाई सक्षम गराई परिचालन गर्ने, आ-आफ्नो क्षेत्राधिकारका विषयहरु सुक्ष्म अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्न एक अर्कालाई सहयोग पुऱ्याउने उल्लेख छ ।

त्यसैगरी वैदेशिक रोजगारीको क्रममा मानव वेचविखनका जोखिम कम गर्न राष्ट्रिय तथा अन्तरष्ट्रिय क्षेत्रबाट सूचना तथा स्रोत परिचालन गर्ने, वैदेशिक रोजगार व्यवसाय गर्न ईजाजत नलिएका व्यक्ति, संस्था, फर्म वा एजेन्सीबाट वैदेशिक रोजगार सम्बन्ध कार्य गर्ने वा वैदेशिक रोजगार सम्बन्धी ठगीमा संलग्न हुनेलाई कारवाही चलाई त्यस्ता कार्य बाँकी पृष्ठ २ मा

**हार्दिक बधाई तथा शुभकामना**



यस संघलाई छाता संस्था मान्दै आएको **वैदेशिक रोजगार व्यवसायी तामाङ समाज**को प्रथम साधरणसभा तथा अधिबेशनबाट निर्वाचित हुनुभएकोमा अध्यक्ष **मिनप्रसाद तामाङ**, उपाध्यक्षद्वय **सोम तामाङ र शुक्र पाखिन**, महासचिव **मोहन योन्जन**, सचिव **कुन्छा दोर्जे डिमडोङ**, कोषाध्यक्ष **तिलक तामाङ**, सहकोषाध्यक्ष **सोम बहादुर तामाङ** तथा कार्यसमिति सदस्यहरु **लिल तामाङ, सुशिल लामा, जय मोक्तान, शुक बहादुर तामाङ, पदम बहादुर तामाङ र टक्कर बहादुर तामाङ** प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको **शुभकामना** व्यक्त गर्दछौ ।

**कमल तामाङ**
कार्य वाहक अध्यक्ष
तथा
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
**परिवार**
बतीसपुतली, गौशाला, काठमाडौ, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

# बसपार्क नहुँदा सडकबाट पर्यटक ओसार्नुपर्ने बाध्यता



**काठमाडौं/मस-** सरकारले नेपाल भ्रमण वर्ष-२०२० को सुरुवात गरिसक्दापनि मुलुकको राजधानी काठमाडौंमा बसपार्क नहुँदा समस्या सिर्जना भएको छ । काठमाडौंमा हालसम्म पनि पर्यटकीय सवारीसाधनका लागि छुट्टै बसपार्क बन्न सकेको छैन । मुलुकको आर्थिक मेरुदण्डको मुख्य आधारका रूपमा रहेको पर्यटकका लागी छुट्टै बसपार्क नहुँदा अस्थायीरूपमा सोह्रखुट्टेको सडकबाट सवारीसाधन देशका प्रमुख पर्यटकीय गन्तव्यस्थलमा जान बाध्य छन् ।

काठमाडौंदेखि पोखरा र चितवनको सौराहा, लुम्बिनी र जनकपुर लगायतका प्रमुख पर्यटकीय स्थलहरुमा स्वदेशी तथा विदेशी पर्यटक लैजानका लागि सञ्चालन हुँदै आएका बसहरु सडकमै अलपत्र अवस्थामा पार्किङ गरिएका छन् । विगत वर्षहरूमा जमलस्थित कान्तिपथ सडकबाट पर्यटक ओसार्ने गरिन्थ्यो । गृहमन्त्री रामबहादुर थापाले गृह मन्त्रालय सम्हालेपछि शुरु गरेका गृह प्रशासन सुधार योजनाअनुरुप गत वर्षको असार १६ गते सोह्रखुट्टे सडकमा अस्थायी बसपार्कका रूपमा व्यवस्था गरियो ।

काठमाडौं महानगरपालिका र ट्राफिक प्रहरीलगायतले कान्तिपथ क्षेत्रमा धेरै भीडभाड हुने भएकाले उक्त क्षेत्रबाट पर्यटकीय बसपार्क हटाएर सोह्रखुट्टे सडकमा सारिएको थियो । सोह्रखुट्टेबाट चल्ने पर्यटकीय बस बिहान ७ बजे स्वदेशी तथा विदेशी पर्यटक बोकेर पोखरा, सौराहा, लुम्बिनी र जनकपुर लगायतका पर्यटकिय क्षेत्रहरुमा जाने गरेका छन् ।

टुरिस्ट बस एसोसिएशन अफ नेपाल (टिवान)का अध्यक्ष प्रल्हाद लोहनी सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षलाई सफल बनाउन राज्यले पर्यटकीय बसपार्कले पहिलो प्राथमिकता दिनुपर्ने बताउछन् । 'सरकार सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने भन्छ तर पर्यटकीय सवारीसाधन सडकबाट गुड्नुपर्ने बाध्यता छ,' उनले भने ।

उनले विश्वका धेरै मुलुकले पर्यटन क्षेत्रको विकासका लागि पर्यटक बोक्ने सवारीसाधनलाई छुट्टै बसपार्कका रूपमा विकास गरेको बताए । कान्तिपथ सडकबाट बसपार्क हटाएर सोह्रखुट्टे लगे पनि सरकारले राजधानीको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको ठमेल क्षेत्र वरपर नै बसपार्क निर्माण गर्नुपर्ने अध्यक्ष लोहनी बताउछन् ।


महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकाको ट्राफिक सुधारका लागि २०७५ चैत २१ देखि तीनमहिने कार्ययोजना बनाएर काम गरेको थियो । उक्त कार्ययोजनामा जेब्राक्रसिङ निर्माण, फुटपाथ व्यवस्थापन, करिडोर निर्माण, सडक विस्तारलगायत रहेका थिए । ट्राफिक प्रहरीको योजनामा समेत पर्यटकीय सवारीसाधनका लागि छुट्टै बसपार्क बनाउने कुरा उल्लेख नगर्दा सडकबाट सवारीसाधन गुड्न बाध्य छन् ।

टिवानका महासचिव कृष्ण आचार्य पर्यटक बसपार्क निर्माणका लागि टिवानले पटक-पटक सम्बन्धित निकायमा छलफल चलाइरहेको बताए । 'सरकारले पर्यटक बसपार्क निर्माणका लागि आवश्यक चासो नदिँदा बसपार्क बन्न सकेको छैन,' उनले भने । पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार निर्माण पहिलो प्राथमिकता भएको उनको भनाइ थियो ।

पर्यटन विभागका महानिर्देशक डण्डुराज घिमिरे नेपालको पर्यटन क्षेत्रको विकासका लागि पर्यटकीय बसका लागि छुट्टै बसपार्क आवश्यक रहेको बताए । 'पर्यटक बसपार्क निर्माण गर्ने कुरामा सरकार सकारात्मक छ,' उनले भने ।

हाल काठमाडौंबाट पोखरा र चितवनको सौराहका लागि झण्डै १०० पर्यटकीय बस आवतजावत गर्दै आएका छन् भने दैनिक तीन हजारदेखि चार हजारको हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकलाई गन्तव्यस्थलमा पुर्‍याउँदै आएका छन् । व्यवसायीले हाल बिहान ५ देखि ७ बजेसम्म सोह्रखुट्टे पर्यटकीय बस पार्किङ गरेर यात्रु बोक्दै आएका छन् भने रातको समयमा विभिन्न ग्यारेजमा शुल्क तिर्न बाध्य छन् ।

# खुर्पा प्रहारबाट प्रहरीसहित चार घाइते



**भक्तपुर/मस-** भक्तपुर नगरपालिका-१० स्थित पाइपलाइन र दोकोचामा खुर्पा प्रहारबाट दुई प्रहरीसहित चारजना घाइते भएका छन् । जाजरकोट नलगाढ नगरपालिका-१ का २० वर्षीय रामबहादुर विकले शनिबार साँझ खुर्पा प्रहार गर्दा ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका-१० घर भई हाल भक्तपुर नगरपालिका-१० कमलविनायक बस्ने ६० वर्षीया भुनामाया थापा र भक्तपुर नगरपालिका-१० कमलविनायक बस्ने ४५ वर्षीया राजमती ज्याकिबन्जार घाइते भएका छन् ।

यसैगरी महानगरीय प्रहरी प्रभाग व्याँसीमा कार्यरत प्रहरी हबल्दार जितेन्द्रप्रसाद यादव र प्रहरी जवान टोलबहादुर श्रेष्ठ समेत खुर्पा प्रहारबाट घाइते भएबा छन् । खुर्पा प्रहार गरी भाग्दै गरेका विकलाई दोकोचामा प्रहरीले नियन्त्रणमा लिन खोज्दा खुर्पा प्रहार गर्दा बा २ झ १८५ नम्बरको प्रहरीको सिआरभी भ्यानको सिसा फुट्नुका साथै सञ्चार सेटमा समेत क्षति पुगेको प्रहरी परिसर भक्तपुरका सूचना अधिकृत प्रहरी निरीक्षक पञ्चलाल गोलेले बताए ।

घाइते थापाको मध्यपुर अस्पतालबाट थप उपचारका लागि छाउनीस्थित सैनिक अस्पतालमा पठाएपछि त्यहाँ उपचार भइरहेको र ज्याकिबन्जारको मध्यपुर अस्पतालमा उपचार भइरहेको गोलेको भनाई छ । हाल प्रहरीले विकलाई पक्राउ गरी महानगरीय प्रहरी परिसर भक्तपुरको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको जानकारी दिएको छ ।

# विश्वकर्मा समाजको राष्ट्रिय भेला सम्पन्न




**चितवन/मस-** नेपालभरिका विश्वकर्माको साङ्गठानिक राष्ट्रिय भेला १७ बुँदे घोषणापत्र जारी गर्दै आइतबार गैंडाकोटमा सम्पन्न भएको छ । भेलाले एक महिलासहित २१ जनाको केन्द्रीय सचिवालय गठन गर्नुका साथै महासंघ निर्माण गर्न सातै प्रदेशबाट सातजनालाई जिम्मेवारी दिएको हो । सचिवालयले आगामी एक वर्षभित्र नयाँ विधान निर्माण गर्दै राष्ट्रिय सम्मेलन गर्ने घोषणापत्रमा उल्लेख छ । उक्त सम्मेलनले केन्द्रीय महासंघ गठन गर्ने बताइएको छ ।

भेलाले एकीकृत नेपाल राष्ट्रिय विश्वकर्मा समाजका अध्यक्ष गोपालप्रसाद विश्वकर्मा र विश्वकर्मा समाज नेपाल केन्द्रीय समिति कास्कीका अध्यक्ष गणेश बराइलीलाई तयारी समितिको संयोजक तथा विश्वकर्मा सेवा समिति चितवनका अध्यक्ष विपीन रामुदामु, विश्वकर्मा एकता समाज, इटहरीका अध्यक्ष गोपाल लकान्द्री र विश्वकर्मा कल्याण समाज पोखराका महासचिव दीपक घिमिरे सह-संयोजकमा छनौट भएका छन् ।

घोषणापत्रमा आगामी दिनमा विश्वकर्माहरूको पहिचान, कला संस्कृतिको संरक्षण तथा समानुपातिक समावेशी अधिकार र समृद्धिका लागि लागि पर्ने जनाइएको छ । साथै आगामी दिनमा दलित समुदायको विभिन्न जातजातिलाई समेत संयोजन गरी दलित अधिकारका लागि वृहत राष्ट्रिय महासंघ निर्माण गरिनेछ ।

# घरवासमा लोभिंदै कोरियन विद्यार्थीहरु

**बागलुङ/रासस-** दक्षिण कोरियाको 'हानशिन' विश्वविद्यालयका २४ स्वयंसेवी विद्यार्थीले भकुण्डेको अतिथि सत्कार घरवासमा बिताए । यहाँको सत्कार, संस्कृति र खानपानमा औधि रमाए । शनिबार सबेरै मुलाबारीको दृश्यावलोकन स्तम्भ पुगे । सेताम्मे हिमाल हेरे, आफूलाई भुलाए । जनजाति संग्रहालय घुमे, दिउसो पैदलै सदरमुकाम फर्के ।

तीन घण्टाको पदयात्रापछि शुक्रबार साँझ उनीहरु बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे पुगेका थिए । विश्वविद्यालयका प्राध्यापक 'किम कि जुंग' भकुण्डे तेस्रोपटक पुग्नुभएको थियो । बागलुङ आउँदा भकुण्डे नपुगे उनको यात्रा अधुरो हुन्छ । प्रा जुंगको नेतृत्वमा आएका विद्यार्थीले यो हप्ता यहाँ खुशीले बिताए । टोली घरवास 'होमस्टे'पुरा गरी शनिबारै पोखरा फर्कियो । 'भकुण्डे घुम्न पाउँदा रमाइलो लाग्छ, हामी खुशी छौं', प्रा जुंगले भने, 'अर्को वर्ष पनि आउने योजना बनिसकेको छ ।' सो विश्वविद्यालयले विगत सात वर्षदेखि आफ्ना विद्यार्थीलाई स्वयंसेवाका लागि बागलुङ पठाउँदै आएको छ ।

कोरियन विद्यार्थी, स्वयंसेवक र पर्यटकलाई बागलुङयात्राका क्रममा व्यवस्थापन तथा समन्वयको काम गर्दै आएका छन्, स्थानीय केवी शाहीले । उनी लामो समय कोरियामा बसेर १२ वर्षअघि नेपाल फर्किएका थिए । 'कोरियाबाट वर्षेनी स्वयंसेवी विद्यार्थी आउनहुन्छ', उनले भने, 'सधैं उहाँहरु भकुण्डे जानुहुन्छ, त्यहाँको घरवासमा रमाउनुहुन्छ ।' उनका अनुसार कोरियन विद्यार्थी तथा पर्यटक पदयात्रा, स्थानीय परिकार र संस्कृतिमा रमाउन चाहन्छन् । विद्यार्थीबाहेक घुमन्ते पर्यटकलाई पनि उनले भकुण्डे पुर्‍याउँछन् । पहिले पोखरा र अन्य चल्तीका पर्यटकीयस्थल पुग्ने कोरियनहरु विस्तारै बागलुङतर्फ आकर्षित हुन थालेको छन् ।

कोरियन पाहुनाहरु सजिलो र खर्चिलो पनि हुने घरवासका सञ्चालक मुना थापामगरले सुनाए । 'स्थानीय खानाका परिकार बढी मन पराउनुहुन्छ, पैसा पनि सजिलै तिर्नुहुन्छ', उनले भने । कोरियन विद्यार्थी र स्वयंसेवी समूह नियमित आउन थालेपछि भकुण्डेले थप प्रचार पाएको घरवास सञ्चालकको अनुभव छ । २४ कोरियन र चार नेपाली पाहुना चार घरवासमा बाँडिएर बसेका थिए । भकुण्डेका नौ घरमा घरवास सेवा सञ्चालित छ । विसं २०६८ देखि भकुण्डेमा घरवास शुरु भएको हो । दैनिक १०० जति पर्यटक राख्ने क्षमता घरवासमा छ । पर्यटकलाई पारिवारिक वातावरणमा बसोबास र स्थानीय परिकार उपलब्ध गराइन्छ ।

यसपटक कोरियाबाट आएका विद्यार्थीले नेपाल भ्रमण वर्षको सन्देशसमेत लिएर जाने समन्वयकर्ता शाहीले बताए । 'विद्यार्थीलाई भ्रमण वर्षको प्रवर्द्धनमा पनि सहयोग गर्न अनुरोध गरेका छौं', उनले भने, 'सन् २०२० मा नेपाल घुम्न जाने सन्देश लिएर उहाँहरु आफ्नो देश फर्कनुहुनेछ ।' भ्रमण वर्षकै स्वागत र प्रचारका लागि कोरियन विद्यार्थीले गत सोमबार बागलुङ महोत्सवमा सांगीतिक प्रस्तुतिसमेत राखेका थिए । विश्वप्रसिद्ध 'के-पप' नाचमार्फत नेपाल भ्रमण वर्ष सफलताको कामना गरेका थिए । बागलुङ रहँदा उनीहरुले स्थानीय 'होली चाइल्ड' विद्यालयमा कोरियाको संस्कृति झल्कने कार्यक्रम प्रस्तुत गरे ।

'नेपाली विद्यार्थीलाई चित्रकला, खेलकूद, सङ्गीत र कोरियन भाषासम्बन्धी ज्ञान तथा सीप सिकाउन कोरियनहरु यहाँ आउँछन्,' समन्वयकर्ता शाहीले भने । सरसफाइलगायत सामाजिक जागरणका क्रियाकलापमा पनि उनीहरु सहभागी हुन्छन् । कोरिया र नेपालको संस्कृति आदान-प्रदानमासमेत कोरियनले भूमिका खेल्छन् ।

नेपाल आउँदा सिकेको कला र संस्कृतिलाई कोरियामा लगेर आफ्नो समुदायमा प्रदर्शन गर्छन् । दूतावास, विश्वविद्यालय, नेपाल-कोरियामैत्री संस्था र अन्य सरकारी संयन्त्रमार्फत कोरियन विद्यार्थी अध्ययन भ्रमणमा वर्षेनी नेपाल आउँछन् । बागलुङपछि त्रिभुवन विश्वविद्यालयमा दुईदिने गोष्ठीमा भाग लिएर उनीहरु स्वेदश फर्कनेछन् । कोरियनको बागलुङ आउजाउ बढ्न थालेपछि बागलुङ नगरपालिका र कोरियाको नगरपालिकाबीच मितेरी साइनो गाँस्न पहल अगाडि बढाइएको छ । नगरपालिकाले शाहीलाई नै उक्त कार्यका लागि समन्वयकर्ताको रूपमा नियुक्त गरेको छ ।

# डोटी प्रहरीले भत्कायो १८ छाउगोठ



**डोटी/रासस-** एक हप्तायतादेखि डोटीमा छाउ गोठ भत्काउने अभियान चलिरहेको छ । जिल्लाका नौ स्थानीय तहमा प्रहरीको सक्रियता र जनप्रतिनिधिको रोहबरमा छाउपडी गोठ भत्काउनेक्रम जारी रहेको छ । प्रहरीले छाउ गोठ भए/नभएको अवस्थाका बारेमा समेत अनुगमन गरिरहेको छ । जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक दिलीपसिंह देउवाका अनुसार छाउगोठ भत्काउने अभियानअन्तर्गत जिल्लाको बडीकेदार गाउँपालिकामा मात्रै प्रहरी १८ वटा छाउपडी गोठ भत्काएको छ ।

त्यस्तै उक्त गाउँपालिकाको वडा नं ३ सिदुरेपानीमा रहेका १० वटा छाउपडी गोठ स्थानीय आफैँले भत्काएको प्रहरीले जनाएको छ । गोठ भत्काउनका लागि विभिन्न ठाउँमा प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

छाउपडी गोठ भत्काउन एक छुट्टै प्रहरी टोली परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक देउवाले बताए । उनले भने, 'प्रहरीले आफैं छाउपडी गोठ खोज्दै हिँडेको छ, छाउपडी गोठ देख्नेबित्तिकै भत्काउन आदेश दिएको छु, केही ठाउँमा स्थानीयले आफैं भत्काउन थालेका छन् ।' प्रहरीले सञ्चालन गरेको उक्त अभियनामा यहाँका स्थानीय, जनप्रतिनिधि तथा विभिन्न सङ्घसंस्थाको सहभागिता रहँदै आएको छ । जिल्लामा भएका छाउपडी गोठ भत्काउने अभियानलाई सफल पार्नका लागि स्थानीय निकायसँगको समन्वयमा आवश्यक सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताए ।

उनले भने, 'छाउगोठ कहाँकहाँ कती छन् गोप्यरुपमा सूचना लिएर त्यसैका आधारमा गोठ भत्काउन प्रहरी टोली परिचालन गर्ने गरेका छौँ, अब छाउगोठ बनाउनेलाई कारवाही गर्छु ।' डोटी जिल्लालाई आगामी फागुन महिनाभित्र छाउपडी गोठमुक्त जिल्ला घोषणा गर्ने गरी छाउपडी गोठ भत्काउने अभियानलाई तीव्र पारिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय डोटीको आयोजनामा हालै सम्पन्न छाउपडी प्रथा उन्मूलन संयन्त्रको बैठकमा सहभागी जिल्लाका जनप्रतिनिधिले जिल्लालाई फागुन मसान्तसम्म प्रभावकारीरुपमा छाउपडी गोठमुक्त घोषणा गर्ने प्रतिबद्धतासमेत जनाएका छन् । छाउपडी गोठ भत्काउने विषयलाई बेवास्ता गरे स्थानीय तहबाट दिइने सम्पूर्ण सेवासुविधाबाट वञ्चित गर्नेसहित कानूनअनुसार कारवाही गरिने जोरायल गाउँपालिका अध्यक्ष दुर्गादत्त ओझाले बताए ।

उनले भने, 'छाउपडी कुप्रथाले समग्र सुदूरपश्चिमकै शिर निहुरिने गरेको छ, छाउपडी गोठ बनाउनेविरुद्ध सशक्तरुपमा उत्रिनेछौं ।' त्यस्तै आफ्नो गाउँपालिकामा छाउपडी अन्त्य गर्न तथा छाउगोठ भत्काउनका लागि प्रत्येक वडामा छाउपडीसम्बन्धी जनचेतना जगाउने काम भइरहेको बडीकेदार गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर चन्दले बताए ।

उनले भने, 'प्रत्येक वडाका सबै टोल, गाउँमा प्रहरीसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम गरिरहेका छौं, छाउगोठ भत्काउन सबैले सहमति जनाएका छन् ।' जिल्लामा छाउ भएकी महिलालाई घरमा राखे अनिष्ट हुन्छ र देउता रिसाउँछ भन्ने अन्धविश्वासका साथ महिनावारी अर्थात् छाउ भएकी महिलाका लागि बस्ने छुट्टै कटेरो बनाउने चलन रहेको छ ।

त्यस्तै सुदूरपश्चिम प्रदेश सरकारले पनि छाउपडीका नाममा गरिँदै आएको विकृति तत्काल अन्त्य गर्न र गाउँमा बनाइएका छाउगोठ भत्काउन यहाँका स्थानीय तहलाई पत्राचारसमेत गरेको छ । जिल्लामा कम्तीमा पनि १०० को हाराहारीमा छाउगोठ हुनसक्ने सो क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको अनुमान रहेको छ ।

## शिवमायाको...

बक्तव्यमा सत्तारुढ पाटीभित्रको विवादका कारण संसद बैठक पटक-पटक स्थगित हुनुले संसद प्रति नेकपाको गेह्रजिम्मेवारपन प्रकट भएको उल्लेख गरिएको छ ।

"संसदीय प्रणालीमा सभामुखको विशेष नेतृत्वदायी भुमिका, गरिमा र महत्व हुन्छ । तर, ३ महीनादेखि रिक्त पदमा नयाँ सभामुख चयन गर्न प्रतिनिधिसभामा प्रक्रिया अघि नबढाइनु र सत्तारूढ दलभित्रको विवादको छायाँमा प्रतिनिधिसभालाई लाचार छायाँ बनाउन खोज्नु आपत्तिजनक र लज्जास्पद छ", बक्तव्यमा भनिएको छ ।

## चिकित्सकको ...

अदालतले आदेश लिएको हो ।

घटनास्थल मुचुल्का हस्ताक्षर गर्ने केही व्यक्तिरुको पनि बकपत्र गराउन बाँकी रहेकाले त्यसलाई पूर्णता दिन दिइने जिल्ला अदालतले जनाएको छ । मंसिर २९ र ३० गते अदालत पुगेर महराले आफूमाथि करणी प्रयास नगरेको भन्दै रोशनी होस्टाइल भएकी थिइन् । सुरुमा महानगरीय प्रहरी वृत्त कोटेश्वरमा महराले तीनकुनेस्थित आफ्नो कोठामै आएर जबरजस्ती करणी प्रयास गरेको जाहेरी दिएकी शाहीले पछि बोलि फेर्दै आफूमाथि करणी प्रयास नभएको भन्दै प्रहरी कार्यालय र अदालतमा समेत निवेदन दिएकी थिइन् । तत्कालिन जिल्ला न्यायाधीश सुर्दशनराज पाण्डेको इजलासले महरालाई कात्तिक १८ गते पुर्पक्ष थुनामा पठाएको थियो ।

जिल्ला अदालतको थुनछेक आदेशविरुद्धको पुनरावेदनको सुनुवाइ गर्दै उच्च अदालत पाटनले जिल्लाकै आदेश सदर गरेको थियो । आदेश सदर गर्दै उच्च अदालतले प्रमाण संकलन भएको एक महिनाभित्र मुद्दाको फैसला गर्न पुस ४ गते आदेश दिएको थियो । महराविरुद्ध जबरजस्ती करणी प्रयासमा पाँच वर्ष र सार्वजनिक पद धारण गरेर कसुरको प्रयास गरेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले थप साढे २ वर्ष गरी साढे ७ वर्ष कैद सजाय अभियोगपत्रमा माग गरेको छ । जिल्ला अदालतमा महरा प्रकरणको यो नै अन्तिम सुनवाई रहेको छ । आइतबारबाट सुरु भएको सुनवाई केहीदिन चल्ने छ । सरकारी र महरा पक्षका अधिवक्ताहरुले बहस गरेपछि जिल्ला अदालतले फैसला सुनाउने छ ।

## आफ्नै ...

रथी शरदकुमार गिरीले कायममुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्ने छन् । 'यस किसिमको उच्चतहको सैनिक नेतृत्व वर्गको भ्रमणले नेपाली सेना र मित्रराष्ट्र बंगलादेशी सेना बीच रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्धको साथै द्विपक्षीय आपसी हित र पारस्परिक सम्बन्धलाई थप सुमधुर एवं प्रगाढ बनाउन मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ,' विज्ञप्तिमा भनिएको छ ।

## अन्ततः...

आफ्ना सांसदहरूलाई निर्देशन दिएको थियो ।

शुक्रवार नेकपाको संसदीय दलभित्र झन्डै ४० सांसदले प्रादेशिक राजधानीको विषयमा असन्तुष्टि व्यक्त गरेका थिए । शनिवार प्रदेशसभाको बैठकमा नेकपाको नेतृत्वमा रहेको प्रदेश सरकारले औपचारिक रूपमा उक्त प्रस्ताव दर्ता गरेको हो । नेकपाको बहुमत रहेको उक्त प्रदेशमा ११० सांसदमध्ये ८० जना नेकपाका छन् । प्रदेश नं ३ को राजधानी र नाम सम्बन्धी प्रस्तावमाथि छलफल शनिबार सकिएको थियो । प्रदेश राजधानीका लागि मकवानपुरको हेटौंडा र काभ्रेपलाञ्चोकको धुलिखेल प्रस्ताव भएको थियो ।

संविधानको धारा २८८ को उपधारा २ अनुसार प्रदेशको राजधानी सम्बन्धित प्रदेशसभामा तत्काल कायम रहेका सदस्य संख्याको दुईतिहाइ बहुमतबाट निर्णय हुनुपर्नेछ ।

**अझै तीन बााकी**

प्रदेशसभा गठन भएको झण्डै दुई वर्षपछि चारवटा प्रदेशले प्रदेशको नामाकरण र स्थायी राजधानीको टुंगो लगाएका छन् । प्रदेशको नाम र राजधानीका विषयमा तीनवटा प्रदेशमा अहिले पनि विवाद जारी रहेको छ । प्रदेश नामाकरण र राजधानी तोक्नेमा सबैभन्दा अगाडि प्रदेश नम्बर ६ थियो । उक्त प्रदेश सभाको ०७४ फागुन १२ गतेको बैठकबाट नाम र राजधानी तोकिएको थियो । प्रदेश नम्बर ६ ले कर्णाली प्रदेश नामाकरण गर्दै सुर्खेतलाई स्थायी राजधानी तोकेको छ ।

कर्णालीपछि प्रदेश नम्बर ४ ले आफ्नो प्रदेशको न्वारान गर्दै राजधानी पनि तोकेको थियो । ०७५ असार १८ गते बसेको प्रदेश सभा बैठकले प्रदेशको नाम राजधानी राख्दै स्थायी राजधानी पोखरालाई बनाउने निर्णय गरेको थियो । गण्डकीपछि प्रदेश नम्बर ७ ले नाम र राजधानी टुंगो लगायो । उक्त प्रदेशको ०७६ असोज १२ गते बसेको प्रदेश सभा बैठकले प्रदेशको नाम सुदूरपश्चिम राख्दै स्थायी राजधानी कैलालीको गोदावरीलाई तोकेको थियो ।

पछिल्लोपटक आइतबार ३ नम्बर प्रदेशले नाम र राजधानीको विषय टुंगो लगाएको छ। प्रदेश नम्बर १, २ र ५ ले अझै भने प्रदेशको नाम जुराउन र राजधानी तोक्न सकेका छैनन् ।

## ठगी...

नियन्त्रण गर्न एकापसमा सहकार्य गर्ने उद्देश्य लिइएको छ ।

उल्लेखित उद्देश्य प्राप्त गर्न विभागले अनुसन्धानको क्रममा जानकारीमा आएका वैदेशिक रोजगार सम्बन्धी अपराध तथा मानव बेचबिखनसँग सम्बन्धित सूचनाहरुको विश्लेषण गरी वैदेशिक रोजगार ऐनले कारवाहीको दायरामा ल्याउन नसकेका वा अनुसन्धान तहकिकात गर्न विद्यमान कानूनी व्यवस्था तथा उपलब्ध जनशक्तिका कारणले नसकेका विषयहरू सूचना सहित सूचनाको प्रकृति अनुसार नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र मानव बेचबिखन अनुसन्धान व्यूरोलाई उपलब्ध गराई ठगी तथा मानव बेचबिखन सम्वन्धी मुद्दाको अभियोजनमा सघाउने समझदारीमा उल्लेख छ ।

त्यस्तै मानव बेचबिखन अनुसन्धान व्युरोले मानव बेचबिखन सम्बन्धी मुद्दा अनुसन्धानको लागि विभागको अनुसन्धान अधिकृतको सहयोग लिन सक्ने, वैदेशिक रोजगारसम्बन्धी मुद्दाको अनुसन्धानमा विभागले नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग र मानव बेचबिखन अनुसन्धान व्युरोको अनुसन्धान अधिकृतको सहायोग लिन सक्ने छ ।

अनुसन्धान तथा अभियोजन संयुक्त रुपले गर्नुपर्ने अवस्थामा दुवै निकायका अनुसन्धान अधिकृतको संयुक्त टोली परिचालन गरी साधिकार निकायबाट मुद्दा दायर गर्ने छन् ।

समझादारीमा विभागले म्यानपावर कम्पनी बाहेक अन्य व्यक्ति वा संस्थाहरूबाट वैदेशिक रोजगार व्यवसाय सम्बन्धी कार्य भइरहेको वा ठगी भइरहेको जानकारी प्राप्त भएमा नजिकको श्रम तथा रोजगार कार्यालयका प्रतिनिधिको संलग्नतामा वा कार्यालयका प्रतिनिधि उपलब्ध हुन नसकेको अवस्थामा विभागको सूचनाका आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयका प्रतिनिधिको समेत प्रतिनिधित्व रहने गरी नेपाल प्रहरीले त्यस्ता व्यक्ति वा संस्थाहरूको क्रियाकलापहरूको निगरानी गर्ने, सूचना सकलन गर्ने तथा अनुसन्धान गरी स्पष्ट रुपले विभागको क्षेत्राधिकारमा पर्ने भएमा कागजात सहित विभागमा पठाउने उल्लेख छ ।

आफ्नो क्षेत्राधिकारको अवस्थामा प्रहरीले अनुसन्धान तहकिकात गर्दा विभागको सहयोग चाहिने अवस्थामा विभागले संयुक्त अनुसन्धान गर्ने गरी अधिकृत कर्मचारी तोकी पठाउने समझदारीमा उल्लेख छ । केही समय अघि अन्तर्राष्ट्रिय सञ्चारमाध्यम बीबीसी लगायतका सञ्चारसंस्थाहरुले नेपालबाट हुने मानव तस्करी डरलाग्दो रुपमा संस्थागत भइरहेको समाचार सार्वजनिक गरेका थिए ।

विभागका महानिर्देशक डा. भूसालले खाडी र मलेसिया जाने युवाहरु देखि युरोप, अमेरिका र क्यानडाको रोजगारीको प्रलोभनमा ठगिने धेरै देखिने तर प्रमाणको आधारमा अनुसन्धान गर्न समस्या देखिएका कारण प्रहरीसँग संस्थागत रुपमै समझदारी गर्नु परेको बताए ।

उनले भने, 'खासगरी शैक्षिक कन्सल्टेन्सी, ट्राभल, तालिम संस्था, होटल, गेष्ट हाउस या अन्य संघ संस्थाको आडमा समेत ईजाजत नलिइ वैदेशिक रोजगारको काम गर्ने र ठगी गर्ने क्रम बढेर गएको पाइयो । यस्तो अवस्थामा विभागसँगको सिमित साधन श्रोतले ठगी नियन्त्रण जटिल बन्दै गएको छ । यसर्थ प्रहरीसँग यो समझदारी आवश्यक देखियो ।'

# वैचारिक नेतृत्वमा भक्तबहादुरको योगदान

**काठमाडौं/मस-** नेपालको कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्ने क्रान्तिकारी नेता भक्तबहादुर श्रेष्ठको आठौं स्मृति दिवस आज यहाँ मनाइएको छ । भक्तबहादुर स्मृति प्रतिष्ठानले आइतबार आयोजना गरेको कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्यले सिंगो कम्युनिष्ट आन्दोलनमा श्रेष्ठको महत्वपूर्ण भूमिका रहेको बताए । 'वैचारिक नेतृत्व गर्ने काममा उहाँको योगदान रहेको थियो,' वैद्यले भने ।

क्रान्तिकारी माओवादी नेता भक्तबहादुर स्मृति प्रतिष्ठानका अध्यक्ष सिपी गजुरेलले कम्युनिष्ट आन्दोलनलाई रक्षा गर्दै पार्टीलाई सही दिशातिर लौजाने काम नेता श्रेष्ठबाट भएको बताए । 'उहाँले देखाएको बाटोमै निरन्तर बढ्नुपर्छ,' गजुरेलले भने । नेपाल कम्युनिष्ट पार्टी स्थायी समितिका सदस्य रामसिंह श्रीशले वर्ग संघर्षलाई अगाडि बढाउनुपर्ने प्रेरणा नेता श्रेष्ठबाट नै प्राप्त भएको बताए ।

## 'रेल्वे विधेयक २०७६' स्वीकृत

# रेल्वे बोर्ड गठन हुने



**काठमाडौं/मस-** राष्ट्रियसभाको आइतबारको बैठकमा 'रेल्वे विधेयक २०७६' माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ । बैठकमा उक्त विधेयक भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले प्रस्तुत गरेका थिए । विधेयकमा रेल यात्रुको व्यवस्थापन कसरी गर्ने, सञ्चालनमा अवरोध गर्नेलाई कारवाही के हुने, कसरी गर्ने, रेल अपराध नियन्त्रण कसरी गर्नेलगायत विषय समाविष्ट छ । चालु आब २०७६/०७७ को बजेटमा रेल्वे सञ्चालनसम्बन्धी शीर्षकमा झण्डै रु आठ अर्ब बजेट विनियोजन गरिसकिएको छ ।

भौतिक पूर्वाधार तथा यातायत मन्त्री नेम्वाङले 'रेल्वे विधेयक २०७६' माथि विचार गरियोस् भन्ने प्रस्तावको सैद्धान्तिक छलफलका क्रममा उठेका जिज्ञासा सम्बोधन गर्दै समय र परिस्थितिको आवश्यकता र मागबमोजिम रेल्वे विधेयक ल्याइएको बताए । रेल सञ्चालनमा ढिलाइ भएको स्वीकार गर्दै उनले नीतिगत रुपमा व्यवस्था गर्न विधेयक ल्याइएको स्पष्ट गरे ।

उनले यातायातका रुपमा सुरक्षित, भरपर्दो, सुविधायुक्त र ढुवानीलाई व्यवस्थित गर्दै छरितो र सर्वसुलभ सेवा पुऱ्याउनका निम्ति रेल सेवामा विश्व अघि बढिसकेको अवस्थामा मुलुक केहीपछि परे पनि सरकारले गति बढाएको बताए । नीतिगत र केही प्राविधिक कुरा दफावार छलफलका रुपमा परिष्कृत हुने आशा व्यक्त गर्दै मन्त्री नेम्वाङले भने,'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने राष्ट्रिय लक्ष्यलाई सहयोग पुऱ्याउन ठूलाठूला भौतिक पूर्वाधार र यातायातको विकास गर्न जरुरी छ, त्यसैले रेल यातायातलाई व्यवस्थित गर्दै पूर्वाधार निर्माण गरी अघि बढ्नुपर्छ ।'

सरकारले उचित बजेट व्यवस्थापन गर्दै रेलबाट कनेक्टिभिटीलाई विस्तार गर्ने सोच अघि सारेको जानकारी उनले दिए । विसं २०२० को रेल्वे ऐनले अहिलेको अवस्थामा काम गर्न नसक्ने र विसं २०५९ को अध्यादेशले खारेज गरिसकेको सन्दर्भ जोड्दै उनले यातायातका क्षेत्रमा विद्युतीय रेलको समेत महसुस गरी विधेयक आएको बताए । चाँडोभन्दा चाँडो ऐन ल्याएर स्वशासित अविछिन्न अंगका रुपमा रेल्वे बोर्ड गठन हुनेसमेत उनले जानकारी दिए ।

यसअघि विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरुले ढिलै भए पनि विधेयक ल्याएकामा सरकारलाई धन्यवाद दिँदै ऐनबाट रेल्वेको विकासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरेका थिए । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कोमल वली, नेपाली कांग्रेसका राधेश्याम अधिकारी, राष्ट्रिय जनता पार्टीका वृशेषचन्द्र लाल र समाजवादी पार्टीका प्रमिला कुमारीले भाग लिएका थिए ।

सांसद वलीले भूपरिवेष्टित मुलुकका लागि रेल सेवा अत्यावश्यक भएको बताउँदै यसलाई भरपर्दो बनाउन विकसित देशको नमूना हेरेर अघि बढ्नुपर्ने औंल्याइन् । काठमाडौंमा मेट्रो र मोनो रेलको कुरा आइरहँदा विज्ञबाट मोनो रेल उपयुक्त नभएको प्रतिक्रिया आएको भन्दै सांसद वलीले त्यसतर्फ पनि ध्यानाकर्षण गराइन् ।

सांसद अधिकारीले रेल्वे विधेयकले नयाँ नेपाल निर्माणमा सहयोग पुग्ने छ भन्दै सरकारी प्रयासको सराहना गरे । छिमेकी भारत र चीनमा रेल्वेको ठूलो सञ्जाल रहेका अवस्थामा मुलुकमा रेल नल्याई यातायातको विकास गर्न नसकिने जिकिर गर्दै अधिकारीले पहाडैपहाडको भूमि नेपालमा रेलको विकास भए दुई देशबीचको ट्रान्जिट प्वाइन्ट र साझेदार हुन सक्ने आशा व्यक्त गरे । विधेयकमा भएका समस्या र कमजोरीलाई बेलैमा सम्बोधन गरी निकास निकाल्न सुझाव दिँदै उनले भने, 'जनशक्ति सबैभन्दा महत्वपूर्ण कुरा हो, टनेल इञ्जिनीयरिङको कुरा अघि बढाउनु जरुरी छ, ब्रिज इञ्जिनीयरिङका निम्ति पनि पहल गर्नुपर्छ, सहयोग गर्न चीन तयार छ, त्यसतर्फ पनि ध्यानाकर्षण हुनुपर्छ ।'

राष्ट्रिय जनता पार्टीका वृषेशचन्द्र लालले ढिलै भए पनि रेल्वे विधेयक आउनु महत्वपूर्ण उपलब्धि मान्नुपर्ने बताउँदै मुलुकको समृद्धिका लागि रेल्वेले ठूलो योगदान गर्ने जिकिर गरे । बयासी वर्षदेखिको प्रयासमा पञ्चायत वा विसं २०४६ पछिको सरकारले समेत ध्यान दिन नसकेका बेला ढिलै भए पनि वर्तमान सरकारले यसमा प्रयास गरेको भन्दै प्रशंसा गरे । उनले भने, 'चीन र भारतले रेल बनाइदेला भन्ने मानसिकताले विधेकको मस्यौदा आएको जस्तो देखिन्छ, आफ्नै प्रयासमा निर्माण गर्न सक्ने गरी नयाँ योजनाका साथ संयन्त्र निर्माण गरेर सरकार अघि बढ्नुपर्छ ।'

समाजवादी पार्टीका प्रमिला कुमारीले सरकारले रेल्वे सञ्चालन र व्यवस्थापन गर्नुभन्दा जरिवानाको पक्ष बढी राखिएकाले कानून कार्यान्वयनमा चुनौती हुने जिकिर गरिन् । उनले निर्माण हुने समितिमा संख्या बढाएर समानुपातिक र समावेशिताका आधारमा प्रतिनिधित्व गराउन सुझाव दिइन् ।

आइतबारकै बैठकले 'औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६' लाई सर्वसम्मतिले स्वीकृत गरी दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ । बैठकमा 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७६' समेत पेश गरिएको छ ।

## कुर्था–जयनगर रेल सञ्चालन

**काठमाडौं/मस-** धनुषाको कुर्थादेखि भारतको जयनगरसम्मरेल सञ्चालनमा ल्याइने भएको छ । रेल विभागका अनुसार रेलमार्गमा सञ्चालनका लागि खरीद गरिएको रेल आगामी महिनासम्ममा नेपाल आइपुग्ने छन् । जसका लागि केही समय पहिले नै रेलमार्ग निर्माण सम्पन्न भइसकेको र सेट आइपुगे लगत्तै सञ्चालन हुने विभागको भनाइ छ । नेपालमा रेल पुऱ्याउन सरकारले भारतीय सरकारी कम्पनी कोनकान मार्फत रेल सेट खरीद प्रक्रिया अघि बढाएको हो । उक्त रेल सेट आइपुगेको एक महिनापछि सञ्चालन गर्न सकिने विभागका महानिर्देशक बलराम मिश्रले बताए । दुईवटा सेट खरीद गर्न लागिएकोमा पहिलो सेट आइपुगेको केही समयपछि अर्को आइपुग्ने उनको भनाइ छ । उनलेभने, 'सेट आइपछि नै सञ्चालनको तयारी हुनेछ ।'

गत वर्ष वर्षामा आएको बाढीले कमला नदिको तटबन्ध भत्काउँदा झण्डै एक सय मिटर रेलमार्गसम्पन्न भइसकेको रेलमार्ग निर्माणको केही स्थानमा क्षती पुगेको थियो । भारतीय कम्पनीले निर्माण सम्पन्न गरेर सरकारलाई हस्तान्तरण गरिनसकेकाले क्षति पुगेको स्थानमा समेत सोही ठेकेदार कम्पनीले काम गर्ने विभागका प्रवक्ता तथा वरिष्ठ डिभिजनल इञ्जिनीयर अमन चित्रकारले बताए ।अहिले त्यस क्षेत्रमा भारत सरकारकै आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण काम भइरहेको छ ।

गतवर्ष सरकारले भारतसँग दुई वटा रेल सेट खरीद प्रक्रिया अघि बढाएको थियो । दुई सरकारका बीच (जि टु जि) रेल खरीद भएको प्रवक्ता चित्रकारले बताउनुभयो । डिजेल इलेक्ट्रीक मल्टिपल युनिट प्रविधिको सो सेटमा एउटामा पाँच वटा डिब्बा रहने विभागका प्रवक्ता चित्रकारले बताए । उनका अनुसार सरकारले अहिले दुई वटा सेट खरीद गर्दा त्यसमा जम्मा १० डिब्बा रहन्छन् । यी दुई सेटको क्षमता एक हजार दुई सयसम्म यात्रु बोक्ने रहेको उनको भनाइ छ । 'रेल सेटको निर्माण भइरहेकाले अहिले हामीले आँकलन गरेकोभन्दा एक दुई सयसम्म तलमाथि हुनसक्छ', उनले भने ।

## गोली हानी गुण्डा नाइके लामा पक्राउ

**काठमाडौं/मस-** प्रहरीले गोली हानेर फरार अभियुक्त गुण्डा नाइके विष्णु लामालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले नियन्त्रणमा लिन गएको प्रहरीलाई आक्रमण गर्न खोजेपछि घुँडामुनि गोली हानेर लामालाई पक्राउ गरिएको जानकारी दिए ।

उनी कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त भएको प्रहरीले जनाएको छ । उनका अनुसार लामाको घुँडामुनि गोली लागेको छ । विशेष सुराकीका आधारमा उनी बौद्धको जम्बुडाँडामा आएको थाहा पाएपछि खोजीका लागि खटिएको महानगरीय प्रहरीवृत्त बौद्धको टोलीले उनलाई गोली हानेर नियन्त्रणमा लिएको हो । उनको वीर अस्पतालमा उपचार भइरहेको छ ।


## कतारको प्रतिष्ठित कम्पनीमा महिला/पुरुषहरुलाई रोजगारको अवसर

Lusail Hospitality and Services

पूर्व स्वीकृति मिति: २०७६/९/२५ | कम्पनी नं. [illegible] | LT No.: 230762

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने समय | साप्ताहिक काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Chief Engineer (Mep Engineer) | 3 | 0 | सम्बन्धित कामको अनुभव हुनुपर्ने | 8000 | २,४९,८०६/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | QR 300 | छ | २ वर्ष |
| २ | Agricultural Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 300 | | |
| ३ | Landscape Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 500 | | |
| ४ | Fire Protection Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 500 | | |
| ५ | Reverse Osmosis Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 500 | | |
| ६ | Electrical Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 500 | | |
| ७ | Civil Engineer | 1 | 0 | | 4200 | १,३१,२०१/- | | | | | QR 500 | | |
| ८ | Av/Elv Technician | 5 | 0 | | 2200 | ६८,७२८/- | | | | | QR 300 | | |
| ९ | Bms/ IT Technician | 5 | 0 | | 2200 | ६८,७२८/- | | | | | QR 300 | | |
| १० | Electrical Car Technician | 2 | 0 | | 2700 | ८४,३८३/- | | | | | QR 300 | | |
| ११ | Kitchen & Laundry Technician | 2 | 0 | | 3500 | १,०९,३३४/- | | | | | QR 300 | | |
| १२ | Kitchen Technician | 2 | 0 | | 3000 | ९३,७१४/- | | | | | QR 300 | | |
| १३ | Female Technician | 0 | 2 | | 2500 | ७८,०९५/- | | | | | QR 300 | | |
| १४ | Pool Technician | 2 | 0 | | 2500 | ७८,०९५/- | | | | | QR 300 | | |
| १५ | Mep Supervisor | 5 | 0 | | 3000 | ९३,७१४/- | | | | | QR 300 | | |
| १६ | Landscape Supervisor | 6 | 0 | | 3000 | ९३,७१४/- | | | | | QR 300 | | |
| १७ | House Keeping Executive | 1 | 0 | | 7000 | २,१८,६६८/- | | | | | QR 300 | | |
| १८ | Laundry Manager | 2 | 0 | | 5700 | १,७८,०५८/- | | | | | QR 500 | | |
| १९ | Asst. Laundry Manager | 2 | 0 | | 5700 | १,७८,०५८/- | | | | | QR 500 | | |
| २० | Waitress | 0 | 5 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २१ | Waiter | 5 | 0 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २२ | Aluminum Fabricator | 2 | 0 | | 2000 | ६२,४७६/- | | | | | QR 300 | | |
| २३ | Mechanic | 3 | 0 | | 2600 | ८१,२१९/- | | | | | QR 300 | | |
| २४ | Electrical Foreman | 3 | 0 | | 2600 | ८१,२१९/- | | | | | QR 300 | | |
| २५ | Carpenter | 6 | 0 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २६ | Mason | 6 | 0 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २७ | Plumber | 6 | 0 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २८ | Welder | 6 | 0 | | 1700 | ५३,१०४/- | | | | | QR 300 | | |
| २९ | Gardener | 6 | 0 | | 1500 | ४६,८५७/- | | | | | QR 300 | | |
| ३० | Security | 5 | 0 | | 2000 | ६२,४७६/- | | | | | QR 300 | | |
| ३१ | Laundry Attendant | 15 | 0 | | 1200 | ३७,४८५/- | | | | | QR 300 | | |
| ३२ | Housekeeping Attendant | 15 | 0 | | 1200 | ३७,४८५/- | | | | | QR 300 | | |

Gulf Return हरुलाई प्राथमिकता दिईनेछ ।

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु.१०,०००/- |

अन्तरवार्ता २०७६ माघ ६ गते (Jan.20) यस प्रा. लि. को कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ ।

कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.

बालुवाटार, काठमाडौं, फोन : ०१ - ४४४५५५०, ४४३०००३

९८५१०४२७१३ ९८०२०७८७०५, ९८०१४५८७०५, ९८६०३३१७२७

Email - continentalnepal01@gmail.com | Web - www.continentalhrd.com


## 'नेपाली नोटमा पृथ्वीनारायण शाहको तस्वीर राख्नुपर्छ'

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले पृथ्वीनारायण शाहको तस्वीर नेपाली नोटमा अंकित गर्न सरकारसँग माग गरेका छन् । पृथ्वी जयन्तीका अवसरमा राजधानीमा आयोजित चियापान कार्यक्रममा अध्यक्ष थापाले पृथ्वी जयन्तीलाई राष्ट्रिय पर्वका रुपमा मनाउँदै शाहको तस्वीर नेपाली नोटमा अंकित गर्न माग गरेका हुन् ।



विगतमा शाहको बारेमा भ्रम र नराकात्मक सोचहरु रहेपनि अहिले सबै राजनीतिक दल र नेताहरुले सकारात्मक रुपमा लिएकोम खुसी व्यक्त गर्दै थापाले पृथ्वी जयन्तीलाई राष्ट्रिय पर्वको रुपमा मनाउन, २७ गते सार्वजनिक दिवसका रुपमा मनाएर विदा दिन र उनको तस्वीर नेपाली नोटमा अंकित गर्न सत्तारुढ दल, सरकार र प्रधानमन्त्रीलाई आग्रह गरेकाहुन् ।

थापाले देशमा देखा परेको सबै प्रकारका चुनौतीको सामना गरेर शान्ति र स्थायीत्व कायम गरी सबल र समुन्नत नेपाल निर्मामा सबै राजनीतिक दलहरु एकता र सहमतिमा आउनुपर्ने बताए ।

कार्यक्रममा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले राष्ट्रिय एकताको सन्दर्भमा शाहले ठोस आधार तयार गरेको कुरालाई सम्मानका साथ सम्झिनुपर्ने बताए । उनले राष्ट्रिय एकताको जगमा उभिएर देशका सबै जाति, भाषा, धर्म र संस्कृतिलाई जनतालाई एकतावद्ध बनाउँदै निरन्तर अगाडी बढ्न आग्रह गरे ।

त्यस्तै कार्यक्रममा नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले पृथ्वी जयन्तीका अवसरमा सार्वजनिक विदा दिएर एकता दिवस सरकरी स्तरबाट भव्यताका साथ मनाउनुपर्ने बताए । शाहले बनाएको मुलुकलाई सबैले संरक्षण गरी राष्ट्रिय दिवसका रुपमा मनाउनुपर्ने उनको धारणा थियो ।आइतबार पृथ्वीनारायण शाहको २९८ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस देशभरी नै विभिन्न कार्यक्रम गरी मनाइएको छ ।


## होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै सेवा कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उन्नत सानी कोही दिन्छौं !

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute

Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

## तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

## कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# क्रसर कहर

टिपरको ठक्करबाट धनुषामा शुक्रबार बिहान २४ वर्षीय विद्यार्थी दीलिप महतोको मृत्यु भयो । प्रहरीको प्रारम्भिक अनुसन्धानले भन्यो– मर्निङ वाकमा निस्किएका महतोलाई टिपरले ठक्कर दिँदा मृत्यु भएको थियो । तर, प्रहरीले आफ्नै प्रारम्भिक अनुसन्धानको जरो केलाउँदै जाँदा खुल्यो– महतोको मृत्यु टिपरको आकस्मिक ठक्करबाट भएको थिएन । प्रहरीले पत्रकार सम्मेलन गर्दै महेतो मृत्युको कारण दुर्घटना नभएर हत्या भएको जानकारी दिएको छ ।

प्रहरीका अनुसार, महेतोको मृत्यु टिपरकै ठक्करबाट भएको त हो, तर ठक्कर नियोजित थियो । दीलिप हत्याको सम्बन्ध स्थानीय चुरिमाईबाट गिट्टी बालुवा प्रशोधन गरिरहेको उद्योगसँग जोडिएको समेत खुलेको छ । उद्योगले स्थानीय प्रशासन र जनप्रतिनिधि सँगको मिलेमतोमा जथाभावी खोलाबाट गिट्टी बालुवा झिकिरहेको थियो । विद्यार्थी महतोले यसको विरोध जनाए । विरोधकै कारण उद्योगसँग नराम्रो सम्बन्ध बन्न पुग्यो । त्यसैको बदलामा दीलिपलाई कुटपिट गरी घाइते बनाइयो र टिपरले किचेर हत्या गरियो ।

प्रहरीले दीलिपको हत्या अभियोगमा अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ । आशा गरौं– घटनाका दोषीमाथि कार्बाही हुनेछ । पीडितले न्यायको अनुभूति गर्नेछन् । तर, यो प्रवृत्ति भने दीलिपको हत्यामा संलग्नमाथि कार्बाही गरेर मात्रै सकिने छैन । किनभने, जथाभावी गिट्टी र बालुवा दोहन देशकै प्रमुख समस्या बनेको छ । प्रकृति प्रदत्त गिटीबालुवा अराजकहरूका लागि राम्रो कमाई खाने आधार बनेको छ । सरकारका प्रतिनिधिहरूकै मिलेमतोमा प्राकृतिक स्रोतमाथिको दोहन तीब्र बनेको छ ।

प्राकृतिक स्रोत दोहनसँगै, क्रसर व्यवसायीहरूका कारण समाजलाई बहुआयामिक समस्या थपिएको छ । राज्य संरचनाको आँखा छलेर दोहन छदैछ, यसले पर्यावरणमा दीर्घकालीन असर पुगिरहेको छ । देशभरका हजारौं बस्ती जोखिममा पारिएको छ । क्रसर उद्योगीहरूलाई नाफा भए पुग्ने र प्रशासनमा बसेकाहरूलाई थोरै लाभ हुनासाथ पर्यावरणीय परीक्षण र व्यवस्थापन गरिएको छैन । क्रसरका कारण सामाजिक सम्बन्धहरूमा असाध्यै नराम्रो असर परेको छ । सुशासन कायम नहुनुको प्रमुख कारण प्राकृतिक स्रोत (गिट्टीबालुवा) दोहनबाट आर्जित रकम र त्यसका लागि गरिने प्रबन्ध बनेको छ । प्रशासन, जनप्रतिनिधि र थोरै चेत भएकाहरूलाई नै खरीद गरे पछि खोलाखोलामा क्रसर शासन चलिरहेको छ । जसले विरोध गर्छ, उसको हालत दीलिप महतोकै जस्तो बनाइने गरेको प्रमाणित नै भइसकेको छ । अतः क्रसर राज चलिरहे, सुशासन कोरा सपना मात्रै हुनेछ ।

## सामाजिक सञ्जाल




सकारात्मक उदेश्य प्राप्तिकै लागि भएपनि युद्ध क्रुर नै हुन्छ । युद्धबेला गरिएका गल्तीहरू फेरि नदोहोरिने प्रतिज्ञा सहित निरूपण गरिनुपर्छ । तर, बिगतमा भएका सबै युद्धपछि निरूपण गरिएन बरू युद्धकै नीति अनुरूप युद्धपछिको वर्षौसम्म पनि नागरिकलाई दुस्मन जस्तो व्यवहार गर्नुमा समस्या हो ।

**- मिलन लिम्बु**



इतिहासलाई आजको अवस्थामा, आजको सोच लिएर तुलना गर्नु कतिको बुद्धिमानी होला ? इतिहास फरक हुन्थ्यो भने न देश रहन्थ्यो न त यो समाज । इतिहासलाइ गाली गरेर समय बरबाद गर्नुको साटो कसरी बर्तमानलाइ सुदृढ गर्ने, सोच्न सुझाब । पृथ्वीनारायण शाहलाई नयाँ नेपालको लागि धन्यवाद ।

**– डा. समिरमणी दिक्षित**



'हुकुमी लोकतन्त्र' को विरोध चाँही गर्ने, अनि हुकुम मान्न इन्कार गर्ने डा. शिवमाया तुम्बाहाम्फेका आँटका लागि पनि 'हुन त हो तर...' चाँही नजोडी नसक्ने ? खोजेको चाँही के हो मित्र ?

**– केदार शर्मा**



पार्टीमा शिवमायाहरू धेरै छन् शिवमायाको एकोहोरो रोइलो बन्द गरौ ! एकसे एक शिवमायाहरूहरू अबसर विहिन छन् सबैलाई सम्मान गरौ !

**– अंशु**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail.com

# संघात्मक मुलुकमा एकात्मक ढाँचाको योजना आयोग



■ प्रेम येक्तेन

"यता नेताहरुको भाषण चाँही यसैको आधार मा सन् २०२१ सम्ममा अतिकम विकसितबाट स्तरोन्नति हुने लक्ष्य छ, भनेर ठोकेको ठोकै छन् । यो मूल्यांकन हुने समय दुई वर्ष मात्र बाँकी छ । तर, कुनै यस्तो जादुगरी पारामा विकास हुने सम्भावना छैन । जसले नेपाललाई अतिकम विकसितबाट फुत्त निकालेर सन् २०२१ भित्र विकासोन्मुखमा थपक्क र ाखोस् ।"

वि.सं. २०७१ मा सुरु गरिने भनिएको बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल अहिलेसम्म सुरु हुन सकेको छैन । ६ वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ सुरु भएको मेलम्ची खानेपानी आयोजना १८ वर्ष पुग्दा ९० प्रतिशत काम सकिएको छ । २०७८ साउनमा पूरा गर्ने लक्ष्यका साथ सुरु गरिएको काठमाडौं–तराई (मधेश) द्रुतमार्ग अझै साढे तीन वर्ष लाग्ने निर्माणको जिम्मा लिएको नेपाली सेनाको दाबी छ । नेपालका राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनको हालत यस्तो छ। अरु योजनाहरु त कस्तो होलान्? ६३ वर्षदेखि निरन्तर सिंहदरबारभित्र रहेको राष्ट्रिय योजना आयोगको नीति, योजना, मूल्याङ्कन र अनुगमनमा कार्यान्वयन हुने विकास आयोजनाहरुका यी केही उदाहरण हुन् । यस्ता सयौं आयोजना अलपत्र छन्। जसले वर्तमान स्वरुपको योजना आयोगको असफलतालाई सावित गर्दछ। नेपाल संघीय मुलुक हो। तर, संघात्मक नेपालको संविधान बमोजिम आएको आयोगको गठन तथा सञ्चालन आदेश २०७४ ले यसलाई हुबहु पुरानै एकात्मक अवस्थामा राख्यो। त्यसैले संघीयतामा विकासको नीति र योजना बनाउने र तिनीहरुको कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने देशको मुख्य निकाय राष्ट्रिय योजना आयोग पूर्ण रुपमा एकात्मक संरचना र कार्यशैलीमा सिंहदरबार परिसरको पर्खालभित्र राखिएको छ। आयोग विकाससम्बन्धी सरकारलाई सल्लाह प्रदान गर्ने प्रमुख एकमात्र वैधानिक निकायका साथै देश विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र योजना (पञ्च वर्षीय योजना) निर्माण गर्ने प्रमुख निकाय हो । यो हिजो एकात्मक थियो र आज पनि उस्तै छ । देशको संविधान, संरचना र व्यवस्था बदलियो । तर, आयोगको संरचना र भूमिका बदलिएन । त्यसैले आयोगले अहिले पनि पञ्चायतकाल र राजन्त्रकालकै शैलीमा सिंहदरबारका शासकहरुलाई केन्द्रमा राखेर देशको १५औं पञ्च वर्षीय योजना ल्याएको छ । संघीय देशको वार्षिक बजेट आयोगले निर्माण गरेको यही एकात्मक शैलीको दीर्घकालीन योजनाकै खाकाभित्र कार्यान्वयन हुन सुरु भइसकेको छ । संघीयताको पक्षधर प्रदेश सरकार र स्थानीय सरकारहरु पनि यसको लगामभित्र छिरिसकेका छन् । नेपालमा संघीयताको सूत्रधार विचारक व्यक्ति, संघसंगठन र दलहरु पनि यो विषयमा मौन छन् । यो विषयमा बहस नउठ्दा संघीयतामा असन्तुष्ट र सिंहदरबारबाट खटनपटन र डाडुपन्यु चलाउन अभ्यस्त सिंहदरबार अण्डाखानाका सझेदार नेता र कर्मचारीहरुलाई त सजिलै भएको छ। उनीहरुले पुरानै शैलीमा आरामले आफु अनुकूलको भर्तीखाना निकायको रुपमा सजाएर राखेका छन् आयोगलाई । अहिले अयोग दलका शैक्षिक सम्भ्रान्त कार्यकर्ताहरुलाई भर्ती गर्ने एउटा आकर्षक थलो बनेको छ। दलको अनुशासित विद्यावारिधिवाला, प्राध्यापक र उच्च ओहोदाका अवकाश प्राप्त कर्मचारी कार्यकर्ताहरुलाई भर्ती गरेर पिछलग्गु बनाइराख्ने आकर्षक एक थलो भएको छ आयोग । यसैको निरन्तरता रहे, नेपालमा भविष्यमा योजना आयोगको अर्थ पनि रहने छैन । देश विकासले गति लिन निकै समय पर्खनुपर्ने छ । यो विषयमा देशको ध्यान बेलैमा आकर्षण होस् ।

राज्य व्यवस्थाको सफलता र असफलता देश विकासको सूचकांकमा भर पर्छ। छिमेकी मुलुक चीनको शासन व्यवस्थाको सफलता र दक्षिणपूर्व एसियाली मुलुक मलेसियाका महाथिर नेतृत्वको शासन व्यवस्थाको सफलताको सूचक विकास नै हो । योजना आयोग भएको मुलुकमा देश विकासको मुख्य योजनाकारको हैसियतमा आयोग एक प्रमुख जिम्मेवार निकाय हो । नेपालमा आयोगको चार प्रमुख कार्यकासाथ महत्वपूर्ण जिम्मेवारी छ । विकास नीति र योजना बनाउने अनि तिनीहरुको प्रगति अनुगम र मूल्याङ्कन गर्ने । जुन निकाय राज्यको व्यस्था र संरचनासँग मिल्ने गरी बनेको हुनु पर्दछ। तर, नेपालमा हुन सकेको छैन । भारतमा सन् १९५० र चीनमा सन् १९५३ मा स्थापित योजना आयोगहरुको भूमिकाले उनीहरुलाई संसारकै शक्तिशाली अर्थतन्त्र भएको मुलुक बनाउन सफल भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार कुल गार्हस्थ उत्पादनको आधारमा विश्का मुलुकहरुमध्ये चीन अमेरिकापछिको दास्रो स्थानमा छ भने भारत पाँचौ स्थानमा छ । एसियामा चीन पहिलो र भारत दोस्रो स्थानमा छ । नेपाल एसियामा मात्र पनि ३० औं स्थानभन्दा तल छ । विश्वभरका मुलुकको सूचीको त कुरै नगरौं । नेपालको योजना आयोगको नीति, योजना र यसको कार्यान्वयन तौरतरिकाले नेपाल अहिलेसम्म संसारकै ४७ अतिकम विकसित मुलुकको सूचीमा कायम छ । सन् २०१८ मा यो सूचीबाट स्तरोन्नति हुन मूल्याङ्कन र समीक्षाको सूचीमा पर्न समेत अस्वीकृत भएको नेपालले आफ्नै विशेष आग्रहमार्फत बल्लबल्ल सन् २०२१ सम्मको मूल्याङ्कन र समीक्षामा सामेलसम्म भएको छ । यता नेताहरुको भाषण चाँही यसैको आधारमा सन् २०२१ सम्ममा अतिकम विकसितबाट स्तरोन्नति हुने लक्ष्य छ, भनेर ठोकेको ठोकै छन् । यो मूल्याङ्कन हुने समय दुई वर्ष मात्र बाँकी छ । तर, कुनै यस्तो जादुगरी पारामा विकास हुने सम्भावना छैन। जसले नेपाललाई अतिकम विकसितबाट फुत्त निकालेर सन् २०२१ भित्र विकासोन्मुखमा थपक्क राखोस् । योजना आयोग सिंहदरबारभित्र कैद गरेर राखिएको छ । जहाँ पुग्दा माननीयका बिल्ला भिराइएका पार्टी कार्यकर्ताहरुलाई जमघट गराइएको जस्तो भान हुन्छ । सामान्य नेपाली नागरिकहरुले उनीहरुको दर्शन पाउन पनि निकै कठिन छ । उनीहरु बन्द कोठाभित्र नीति तथा योजना बनाइरहन्छन् । तर, उनीहरुसँग जनस्तरमा आवश्यकता रहेको भौगोलिक, सामाजिक, सांस्कृतिक, मानवीयलगायतका खास मुद्दाका तथ्याङ्क आफुसम्म निष्पक्ष ढंगले उपलब्ध गराउने न कुनै प्रादेशिक प्रतिनिधिहरु छन् वा स्थानीय प्रतिनिधिहरु नै छन् । नीति र योजना बनाउन निष्पक्ष र तथ्यगत रुपमा जनताको वास्तविक अवस्था पहिचान गरेर दस्तावेजीकरण गर्दै भावी योजनाका लागि उपयुक्त तथ्याङ्क संकलन गर्ने आयोगको आफ्नो संयन्त्र र कार्य दुवै शून्य छ । संघीयताको विकासमा प्रदेशको विविधतायुक्त चाहना, आवश्यकता र तिनीहरुबीचको सन्तुलन झल्किनु पर्दछ । सम्बन्धित सरोकारवाला क्षेत्र र जनताको सहमतिमा नीति, योजना, कार्यक्रम र कार्यान्वयन हुनुपर्दछ । यो तहमा काम गर्न सिंहदबारमा बसेको सात सदस्यीय योजना आयोग पूर्ण छैन । आफै कुनै अनुसन्धान नगर्ने, सूचना संयन्त्र नबनाउने र मन्त्रालयले दिएको स्रोतको भरमा मात्र पूर्णरुपमा भर परेर अबको विकास योजना र नीति निर्माण गर्नु हुँदैन । यसका लागि आयोगको संरचना र कार्यशैली दुवैको पुनर्संरचना अपरिहार्य छ । आयोगको गठन पनि असमावेशी छ । विज्ञताको नाममा एकै वर्ग र जातका पुरुषहरुको यहाँ निरन्तर वर्चश्व कायम रहँदै आएको छ । जहाँ नेपालको सामाजिक, सांस्कृतिक, भौगोलिक र लिङ्गीय विविधताको बिम्ब झल्किँदैन । देशको सर्वपक्षीय सन्तुलित विकासका लागि सबैको समान प्रतिनिधित्व अपरिहार्य छ। तथ्याङ्कअनुसार औसत प्रनिधित्व हेर्दा सन् २००२ देखि अहिलेसम्म आयोगमा दलितको प्रतिनिधि शून्य छ । महिलाको पाँच प्रतिशत, मधेशीको १३ प्रतिशत, आदिवासी जनजातिको २३ प्रतिशत र बाँकी ६४ प्रतिशतमा पहाडी बाहुन–क्षेत्री छन् ।

सिजिनपिङ विचारधारा छलफल गर्ने नेपालको कम्युनिष्ट सरकारले नियुक्त गरेरका योजना आयोगका पदाधिकारीहरुलाई चीनको योजना आयोगको कार्यशैली पनि छलफल गराउने हो कि ? जहाँ निर्माण गरिएका योजनाहरु अनिवार्य पूरा हुनु पर्ने मान्यता छ। जुन कुरा नेपाल आउँदा सिजिनपिङले भनेरै गएका छन्। चीनमा निर्मित नीति र योजनाको कार्यान्वयन सुनिश्चितताका लागि भावी योजना सम्बन्धित सबै तहको सरकार र सरोकारवालहरुसँग ब्यापक छलफल गरी पूर्वसहमति र स्वीकृति पाएपछि मात्र आयोगले नीति र योजनामा उताछ । जसले गर्दा सम्बन्धित सबै पक्षहरु पूर्वसुसूचित हुन्छन् । अपनत्वबोध गर्छन्। योजना कार्यान्वयन गर्न सबै पक्षबाट सहज हुन्छ । तर, नेपालको योजना आयोगको त कुरै छाडौं गाउँमा एउटा बाटो खन्ने कार्यक्रममा समेत सरोकारवाला पक्षको आवाजको बेवास्ता गर्ने अनि डोजर आतङ्क मच्चाउने शासकीय चरित्र स्थानीय निकायमा समेत भर्खरै देखियो । यस्तो कुरामा योजना आयोग कतिको सचेत छ ?

आयोगलाई एकात्मक चरित्रबाट कसरी संघीतातर्फ उन्मुख गराउने, सबै सरकारका तहसँग कसरी काम गर्ने र खास जनजीविकालाई बदल्ने परिणाममुखी नीति तथा योजना कसरी बनाउने भन्ने कुरामा समय दिनेभन्दा पनि इन्टरनेटमा सर्च गर्दै अन्तर्राष्ट्रिय दाता र उनीहरुका घोषणाहरु कपी गर्ने र तिनीहरुलाई केन्द्रमा राखेर नीति तथा योजना बनाउने काममा वर्तमान आयोग माहिर देखिएको छ । यो कुरा १५ औं पञ्च वर्षीय योजनाले प्रष्ट देखाउँछ। यो योजना पूरापूरी संयुक्त राष्ट्र संघले हस्ताक्षर गराएको दिगो विकास लक्ष्य २०३० को १७ बुँदाहरुको वरीपरी फन्का मार्दैमा सकिएको छ । नेताहरु अन्तर्राष्ट्रिय मञ्चहरुमा यही दोर्होयाउँदै छन् । 'सन् २०३० अगाबै दिगो विकासको सबै लक्ष्य हामी पूरा गर्नेछौं' भनेर। र, वर्तमान आयोगका सदस्यहरुले पनि यही १७ बुँदाहरुलाई आफ्नो प्रमुख कार्य विभाजन बनाएर आ–आफ्नो जिम्मामा भाग लगाएर मिति तोकेर पूरा गर्ने भन्दै बसेका छन् । देश विकासका योजनाकारहरुले त्यही दाताहरुले तोकेका मापदण्डहरु मात्र लक्ष्य बनाएर बस्नु नेपालकै लागि लाजमर्दो विषय हो । तर, नेपालमा यही भइरहेकोछ । जसका कारण आयोजनाहरुको कार्यान्वयन कहाँ पुगिरहेको छ ? मूल्याङ्कन गर्न र सुधारका लागि भूमिका निर्वाह गर्न पनि भ्याएका छैनन् आयोगका पदाधिकारी र सदस्यहरुले ।

सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्ने कुरा संयुक्त राष्ट्रसंघले सन् २०१५ मा सहस्राब्दी विकास लक्ष्यको समय पूरा भएपछि अर्को नाम दिएर सन् २०३० सम्ममा पूरा गर्नुपर्छ भनेर देशहरुलाई हस्ताक्षर गराएको कागजमा लेखिएको कुरा हो । यो नेपालका योजना आयोगका पदाधिकारी सदस्यहरुको दिमाग, बुद्धि र नेपाली अवस्थालाई विश्लेषण गरेर नेपाली जनताको वास्तविकताबाट अंकुरित लक्ष्य होइन । जुन लक्ष्य १५ औं पञ्च वर्षीय योजनामा दिगो विकास लक्ष्य भनी राखिएको छ । यो नेपाली अवस्थालाई विश्लेषण गरेर निर्माण भएको लक्ष्य नै नभएकाले यो पूरा हुन्छ भनेर विश्वास कसरी गर्ने ? १५ औं योजनामा संघीय नेपालका लागि नौलो उल्लेख्य कुनै कुरै आउन सकेको छैन । जसले संघीय नेपालको योजना आयोग संघीय चरित्रकै छ भनेर गर्वका साथ भन्न सकियोस्। यहाँ न प्रदेश र यहाँका जनतालाई बाटो देखाउने खाका नै छ न स्थानीय निकाय र यहाँका जनतालाई । उही पुरानो संरचना, ढर्रा, शैली र कर्मकाण्डीय निरन्तरता छ काठमाडौंमा आसिन सरकारकै सजिलोका लागि ।

# परीक्षामा प्रदेश सरकार



रेवती सापकोटा

नेपालमा कमिसनको व्यापार सबैभन्दा बढी फस्टाएको छ । फस्टाउनुपर्ने उत्पादनमूलक व्यवसाय हो । कमिसनबाट प्राप्त भएको आम्दानी दिगो हुँदैन र उत्पादनमूलक व्यवसायबाट प्राप्त भएको आम्दानी दिगो हुन्छ । नागरिकको आम्दानी दिगो हुनेबित्तिकै राज्य बलियो र समृद्धिको मार्गमा अगाडि बढ्छ । आवश्यकतामा आधारित नीति योजना र कायक्रमले राज्यले नागरिकलाई र नागरिकले राज्यलाई बलियो बनाउँछ । त्यसका लागि राज्य र नागरिकबीचको सम्बन्ध नङ र मासुजस्तै हुनुपर्छ । राज्यको भरथेगविना नेपालको ग्रामीण उत्पादनले बजार पाउन सक्दैन । ग्रामीण उत्पादनले बजार नपाएसम्म ग्रामीण अर्थतन्त्र उकालो लाग्दैन । ग्रामीण अर्थतन्त्र माथि नउठेसम्म राष्ट्रिय अर्थतन्त्र बलियो बन्दैन । ग्रामीण उत्पादन र सहरको उपभोगबीचको अन्तरसम्बन्ध राष्ट्रिय अर्थतन्त्रसँग गाँसिएको हुन्छ ।

नेपाल सरकारले सन् २०२० लाई भ्रमण वर्ष घोषणा गरेको छ । प्राकृतिक रूपमा सुन्दर नेपालमा विदेशी पर्यटकको आगमन स्वाभाविक रूपमा बढ्नेछ । नेपाल अन्तर्राष्ट्रिय चासोको केन्द्र हुनुले पनि नेपालमा विदेशी पर्यटकको आगमन बढ्दै जानेछ । नेपाललाई धनी बनाउने एउटा महइभ्वपूर्ण उद्योग पर्यटन पनि हो । पर्यटकलाई सेवा र खुसी दिएर हुने आम्दानी दिगो हुन्छ । त्यसका लागि त्यहीअनुसारका पूर्वाधार, उपभोग्य सामग्री उत्पादन आवश्यक हुन्छ । नेपाललाई धनी बनाउने स्वदेशी उत्पादनको खपत र निर्यातले हो, विदेशी उत्पादन आयात गरेर होइन । नेपाल भ्रमणमा आउने पर्यटकले उपभोग गर्ने र लैजाने उपहारजन्य सामग्री नेपालका ग्रामीण बस्तीमा उत्पादन हुनुपर्छ । त्यसो भएमा ग्रामीण अर्थतन्त्र माथि उठ्न थाल्छ । विदेशबाट आयात गरिएका सामग्री विदेशी पर्यटकलाई उपभोग गराएर नेपाली अर्थतन्त्र माथि उठ्दैन । नेपालमा रहँदा उनीहरूले उपभोग गर्ने सामग्री विदेशी रहुञ्जेल जति धेरै पर्यटक नेपाल भ्रमणमा आए पनि त्यसले नेपाललाई धनी बनाउँदैन । जब उनीहरूका उपभोग्य सामग्री विदेशी हुन्छन्, त्यतिबेलासम्म नेपालमा रहनुपर्ने पैसा बिदेसिनबाट रोकिँदैन । स्वदेशको पैसा बिदेसिँदासम्म राष्ट्रिय अर्थतन्त्र बलियो हुँदैन ।

प्रदेश र स्थानीय सरकार मिलेर उत्पादनमा नागरिकको सहभागिता बढाउनुपर्छ । उत्पादन बढाउन नागरिकलाई सीप सिकाउनुपर्छ अनि उनका लागि आवश्यक लगानी उपलब्ध गराइदिनुपर्छ । उदाहरणका लागि १५ लाख रुपियाँ अनुदान पाउन सम्बन्धित किसानसँग त्यति नै रकम हुनुपर्ने व्यवस्था छ । १५ लाख रुपियाँ आफूसँग हुने मध्यमवर्गको किसान हो । उसले अर्को १५ लाख रुपियाँ ऋण लिएर पनि काम गर्न सक्छ । जुन किसानसँग १५ सय रुपियाँ छैन तर ऊसँग उत्साह र जाँगर छ भने उसलाई सीप सिकाएर १५ लाख रुपियाँ अनुदान दिने व्यवस्था गरिनुपर्छ । पाउनुपर्नेले अनुदान नपाउने, नपाउनुपर्नेले भनसुनका भरमा अनुदान पाउने र बजारको सही व्यवस्थापन नहुञ्जेल नेपालमा कृषिमा गरिएको लगानी बालुवामा पानीसरह हुनेछ ।

संविधानले परिकल्पना गरेको समाजवादउन्मुख व्यवस्थाका लागि गरिबलाई माथि उठाउने नीति हुनुपर्छ । सरकारले घोषणा गरेका अनुदानका प्याकेज निम्नवर्गलाई माथि उठाउने प्रकृतिका छैनन् । विनासीपको अनुदानले काम गर्दैन । सीप सिकाऊ अनि मात्र अनुदान उपलब्ध गराऊ । त्यसोहुँदा आवश्यकताको पहिचान हुन्छ र लगानी खेर जाँदैन । परिणाममुखी लगानीका लागि पहिला अनुसन्धान आवश्यक छ । तरकारी उत्पादन गर्ने किसानले कहिल्यै आफ्नो श्रमको मूल्य पाउन सकिरहेको छैन । उपभोक्ताले सधैं महँगो मूल्यमा उपभोग गर्नुपरेको छ । नाफा कमाउने बिचौलियाले मात्र हो । प्रदेश र स्थानीय सरकार मिलेर किसानको उत्पादन सरकारले उचित मूल्यमा किनिदिने र बजारमा आफूले वितरण गर्ने व्यवस्था मिलाउने हो भने किसानले पनि आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि महँगोमा खरिद गर्नु नपर्ने अवस्था सिर्जना हुनेछ । यसका लागि सरकारले शीत भण्डार निर्माणमा लगानी गर्न सक्छ । सरकार र सहकारीले त्यो शीत भण्डार सञ्चालन गर्न सक्छन् । जुन किसानलाई तत्कालै बेचेर पैसा चाहिएको छ, त्यो किसानले सरकारलाई आफ्नो सामान बेच्न सक्छ । जुन किसानलाई तत्काल बेच्नुपरेको छैन, त्यस्तो किसानले केही महिनाका लागि आफ्नो उत्पादनलाई शीत भण्डारमा राख्न सक्छ । केही महिनापछि किसानले उचित मूल्य लिएर बेच्न सक्छ । प्रत्येक वर्ष हिउँद लागेपछि उखु किसानले भोग्ने समस्या सम्बोधन गर्न यो विधि उपयोगी हुन सक्छ ।

साल्ट ट्रेडिङ कर्पोरेसन, दुग्ध विकास संस्थान, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी, नेपाल औषधि लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड, राष्ट्रिय बीउविजन कम्पनी लिमिटेड, नेसनल ट्रेडिङ लिमिटेड, नेपाल खाद्य संस्थान, दी टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडजस्ता संस्थालाई परिचान गर्दा उत्पादक र उपभोक्ताका समस्या सम्बोधन हुनेछन् । नागरिकका सबैभन्दा नजिकका सरकार स्थानीय र प्रदेश सरकार हो । प्रदेश र स्थानीय सरकारले ग्रामीण क्षेत्रका उत्पादकको संरक्षण नगर्ने हो भने उत्पादनमूलक कार्यमा लागेका किसान पनि बिदेसिनेछन् । आफ्नो ऊर्जाशील युवाशक्तिलाई विदेश पठाएर मुलुकको विकास हुँदैन । त्यो युवाको श्रम र पसिना नेपाली भूमिमा सिञ्चित गराउँदा मात्रै नेपालको विकास हुन्छ । अहिले विदेशमा रहेको जनशक्ति पनि सधैँ त्यही रहँदैन । त्यो जनशक्ति नेपाल फर्केको भोलिपल्ट उसका लागि पनि रोजगारीका अवसर आवश्यक हुन्छ । ग्रामीण क्षेत्रका जमिन बाँझो रहने, उत्पादन आफूले नगर्ने, विदेशी उत्पादन उपभोग गर्ने संस्कृति रहेसम्म जति वर्ष विदेशमा गएर कमाए पनि त्यो पैसा स्वदेशमा रहँदैन ।

स्वदेशी उत्पादनलाई विदेशमा निर्यात गर्ने अवस्था सिर्जना गराउन सरकारले अन्तर्राष्ट्रिय गुणस्तरको क्वारेनटाइन प्रणालीको विकास गर्न सक्छ । अन्तर्राष्ट्रिय गुणस्तरका क्वारेनटाइन प्रणालीको विकास गर्न सङ्घीय सरकारसँगको समन्वयमा प्रदेश सरकारले काम गर्न सक्छ । पर्यटक केन्द्रित उपभोग्य सामग्री उत्पादन र वितरण प्रणालीको विकास गर्ने विषयमा पनि प्रदेश सरकारले लगानी गर्न सक्छ । अर्गानिक कृषि उत्पादन र उपहारजन्य सामग्री उत्पादनमा सरकारले नागरिकलाई सीप सिकाएर लगानी गर्ने र ती उत्पादनलाई बजारीकरण गर्ने व्यवस्था मिलाउँदा नेपाली अर्थतन्त्रलाई बलियो बनाउन प्रदेश सरकारको योगदान हुनेछ । आफ्नो भूमिकालाई प्रभावकारी बनाउन प्रदेश सरकारले आफूलाई सिर्जनात्मक बनाउनुपर्नेछ । जहाँ सरकार र निजी क्षेत्रको उपस्थिति देखिएको छैन, त्यहाँ प्रदेश सरकारले आफनो भूमिका खोज्नुपर्ने अवस्था छ । आफूलाई स्थानीय र सङ्घीय सरकारको चेपुवामा रहेका ठानेर खुम्च्याइराख्दा प्रदेश सरकारको भूमिका झनै साँघुरिँदै जानेछ ।

प्रदेशसभाले पनि कानुन बनाएरमात्रै आफ्नो जिम्मेवारी पूरा भएको ठान्नुहुँदैन । आफूले बनाएका कानुन कार्यान्वयनको अवस्थाबारेमा निरन्तर जानकारी लिनुपर्छ । कार्यान्वयन हुन नसक्नुका कारण खोजी गर्नुपर्छ । यदि कानुनी जटिलताका कारण बनाइएका नीति योजना र कार्यक्रम कार्यान्वयनमा जान नसकेको हो भने त्यस्ता जटिलता फुकाइदिने तत्परता पनि प्रदेशसभाले देखाइदिनुपर्छ । सबै मानिस जन्मजात सबै विषयको जानकार हुँदैन । आफूले नजानेको विषय जानकारी लिएर अगाडि बढ्दा त्यो कर्मचारी वा राजनीतिक नेतृत्व कमजोर हुँदैन । बरु बलियो हुन्छ । कुन योजना कसरी कार्यान्वयन गराउन सकिन्छ भन्ने विषयमा सबैभन्दा जानकार सम्बन्धित क्षेत्र र गाउँका मानिस र त्यस क्षेत्रमा क्रियाशील व्यक्ति हुन् । उनीहरू नै कर्मचारी र राजनीतिक नेतृत्वका वास्तविक अवैतनिक सल्लाहकार हुन सक्छन् । त्यसैले प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न बढी मिहिनेत गर्नैपर्छ ।

सातवटा प्रदेश सरकारले नयाँ वर्षमा अघिल्लो वर्ष बनाएका कानुन लागू गर्ने र आवश्यक थप कानुन बनाउने वर्षका रूपमा लैजान सक्छन् । आन्तरिक मामिला तथा कानुनमन्त्री, सचिव र मुख्य न्यायाधिवक्ताको हालै विराटनगरमा भएको भेलाले यस्ता विषयमा समीक्षात्मक छलफल गरेको छ । यस्ता समीक्षात्मक छलफल र बहसले सबै पक्षलाई मद्दत नै गर्छ । प्रदेश सरकारका लागि अहिलेको अवस्था अवसर र चुनौती दुवै हो । चुनौतीको सामना गर्ने हिम्मत र साहस नगर्दा प्रादेशिक संरचना खुम्चिनेमात्रै हो । चुनौतीको सामाना गरेर नै प्रदेशले आफूलाई फैलाउन सक्छ र मुलुक समृद्धिको आधार खडा गर्न सक्छ ।

*(लेखक प्रदेश ३ का सञ्चार रजिष्ट्रार हुनुहुन्छ । )*

# ‘सामाजिक सुरक्षाबारे भ्रम फैलाइयो’



**काठमाडौं /मस-** श्रमिकको भविश्यलाई सुरक्षित बनाउने उद्देश्यले ल्याइएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा श्रमिक तथा रोजगारदाताको सहभागिता उत्साहजनक देखिएको छैन । सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय सहमतिबाट गत मंसिर ११ गते सामाजिक सुरक्षा योजनाको शुभारम्भ गरिएको थियो । चालु आवको शुरुआतसँगै योजना कार्यान्वयनमा आइसकेको छ । योजना घोषणा भएको एक वर्ष बितेपनि सामाजिक सुरक्षाको गति अपेक्षितरुपमा अघि बढ्न सकेको छैन ।

सामाजिक सुरक्षा कोषका अनुसार शुक्रबारसम्म एक लाख ३६ हजार ३६ हजार ४१४ श्रमिक सहभागी भएका छन् । राष्ट्रिय योजना आयोगले गरेको एक अध्ययनअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानको संख्या नौ लाख २२ हजार ४४५ छ । ती प्रतिष्ठानमा सक्रिय रुपमा संलग्न जनशक्तिको संख्या ३४ लाख देखिएको छ । सबैभन्दा बढी प्रदेश नं ३ बाट ९८ हजार १९७श्रमिक योजनामा सहभागी भएका छन् । प्रदेश नं १ बाट २१ हजार ३२१, प्रदेश नं २ बाट सात हजार ८३२, गण्डकी प्रदेशबाट पाँच हजार १४४, प्रदेश नं ५ बाट तीन हजार २९०, सुदूरपश्चिमबाट ४६१ र कर्णाली प्रदेशबाट १६९ श्रमिक कोषमा सूचीकृत भएका छन् ।

शुक्रबारसम्म १२ हजार ११ रोजगारदाता कोषमा सूचीकृत भएका छन् । सबैभन्दा बढी प्रदेश नं ३ बाट ८ हजार १९, प्रदेश नं १ बाट एक हजार ८६०, प्रदेश नं ५ बाट ८५९, गण्डकी प्रदेशबाट ५५३, प्रदेश नं २ बाट ४७२, सुदूरपश्चिमबाट १२८ र कर्णाली प्रदेशबाट १२० रोजगारदाता कोषमा सूचीकृत भएका छन् ।

सूचीकरण प्रक्रियामा ७४ जिल्ला समेटिएका छन् । कोषमा रु ४१ करोड ९४ लाख १६ हजार योगदान रकम संकलन भएको छ । योजनाबाट तीन योगदानकर्ताका परिवारले सुविधा प्राप्त गर्न थालेका छन् । कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा गरी चार प्रकारका सुरक्षा योजना सञ्चालनमा ल्याएको छ ।

सूचीकरण प्रक्रियामा ढिलाइ भइरहँदा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबारे रोजगारदाताले भ्रम फैलाएको आरोप लगाएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा जिफन्टका अध्यक्ष बिनोद श्रेष्ठले केही व्यक्तिले जानीजानी सामाजिक सुरक्षा योजनालाई लागू हुन नदिने उद्देश्यले अनर्गल प्रचार गरेको टिप्पणी गरे । ‘योजनाको शुरुआतदेखि नै रोजगारदाता भ्रम सिर्जना गर्न लागे,’ उनले भने, ‘कानून बनाउँदा सहमतिमा आएका रोजगारदाता कार्यान्वयन गर्ने बेलामा पछि हटे ।’

नेपालको श्रम क्षेत्रलाई व्यवस्थित बनाउन जारी भएका कानून तथा नयाँ कार्यक्रमको निर्माण सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय सहमतिमा गर्ने गरिएको छ । श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लगायत श्रम कानून त्रिपक्षीय समझदारीमार्फत निर्माण गरिएको हो ।

अन्य बचत कोषसँग तुलना गरेर सामाजिक सुरक्षा योजना व्याख्या गरिएसँगै श्रमिक वर्गमा भ्रम सिर्जना भएको छ । श्रमिकले योगदान गरेको रकम सरकारले दुरुपयोग गर्छ, कोषमा गएबापत दोहोरो कर तिर्नुपर्छ, तत्कालै योगदान रकम झिक्न पाइँदैन भन्ने जस्ता विषय उचालेर प्रायोजितरुपमै योजनामाथि नै प्रश्न गर्न थालिएको जिफन्टले ठहर गरेको छ । ‘कोषमा जम्मा भएको रकम सरकारले दुरुपयोग गर्छ भनेर चलाइएको हल्ला योजना विफल बनाउन सकिन्छ कि भन्ने ‘दिवासप्न’का साथ गरिएको झुठा प्रचारबाहेक केही होइन,’ उनले भने ।

मन्त्री फेरबदलले सामाजिक सुरक्षामा ‘ब्रेक’

काठमाडौं/मस-श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बाट गोकर्ण विष्टको बर्हिगमनसँगै सामाजिक सुरक्षा योजना कार्यान्वयनमा गतिरोध पैदा भएको जिफन्टको निष्कर्ष छ । ‘पहिला जुन गतिका साथ योजना कार्यान्वयनको क्रम अगाडि बढेको थियो, मन्त्री परिवर्तनसँगै रफ्तारमा ‘ब्रेक’ लागेको हामीले महसुस गरेको छौं,’ अध्यक्ष श्रेष्ठले भने, ‘तर वर्तमान सरकारले नै नयाँ युगको शुभारम्भ भन्दै कार्यक्रम शुरु गरेको हुनाले सफलतापूर्वक कार्यान्वयन हुने विश्वास लिएका छौं ।’

उनले मन्त्री परिवर्तनसँगै योजना कार्यान्वयन नगराउन रोजगारदाता सलबलाउन थालेको टिप्पणी गरे । केही रोजगारदाताले अनावश्यक भ्रम सिर्जना गरेर ‘धमिलो पानीमा माछा मार्ने’ प्रयत्न गरेको जिकिर गर्दै उनले सहमति विपरित गतिविधि नगर्न चेतावनीसमेत दिए । ‘रोजगारदातासँगको सहमतिमा श्रम ऐन जारी गर्दा असल नियतका साथ सबै प्रावधान लागू हुने विश्वास गरेका थियौं,’ उनले भने, ‘तर कतिपय रोजगारदताले सामाजिक सुरक्षा योजना पनि लागू नगर्ने र ऐनमा भएको श्रमिक कटौतीको प्रावधानको दुरुपयोग गरी भटाभट श्रमिक निकाल्ने काम गरिरहेका छन् ।’

कतिपय उद्योग श्रमिकलाई बैङ्क खातामार्फत पारिश्रमिक भुक्तानी गरेको देखाएर श्रमिकका ‘एटिएम’ बाट मालिकले रकम झिक्ने गरेको जिफन्टको अनुगनका क्रममा भेटिएको भन्दै उनले श्रमिकलाई सुविधा दिनुपर्छ भनेर रोजगारदाताले अनावश्यक हल्ला फैलाएको बताए । ‘श्रम कानून कार्यान्वयनमा आएपछि मजदूर शोषण गर्न नपाइने भएकाले रोजगारदाता कानून नै परिवर्तन गर्न लागेको हुनसक्छन्,’ अध्यक्ष श्रेष्ठले भने, ‘सबै श्रमिक योजनाप्रति आकर्षित छन्, १७ वर्षको मेहनतलाई त्यसै ‘तुहिन’ दिँदैनौं ।’ कसैले योजनालाई असफल बनाउन चाहे त्यो आफैं सक्किने उनको जिकिर थियो । जिफन्टले कोषमा आबद्ध हुनेलाई करमा राहत दिन र आबद्ध नहुनेलाई दण्डित गर्ने व्यवस्था गर्न पनि सरकारसँग माग गरेको छ ।

# २०२० आधार वर्ष हो : मन्त्री भट्टराई



**सिन्धुली /मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले पर्यटन क्षेत्रका माध्यमबाट वार्षिक दुई लाखलाई रोजगारी सिर्जना गरिने बताएका छन् । सिन्धुलीगढीमा आज प्रेस संगठन नेपाल सिन्धुली शाखाले गरेको पत्रकार सम्मेलनमा उनले हरेक वर्ष कम्तीमा पनि दुई लाखलाई रोजगारी सिर्जना गर्ने उद्देश्यले भ्रमण वर्ष २०२० शुरुआत गरेको बताए ।

उनले भने, ‘करिव ४४ डलर प्रतिदिन एउटा पर्यटकले खर्च गर्दछ, यसलाई बढाएर ८० डलर बनाइने लक्ष्य रहेको र नयाँ नया पर्यटकीय स्गलको पहिचान र पर्यटकका लागि गन्तव्य विकास गर्ने अभियानका साथ भ्रमण वर्ष मनाइरहेका छौं, नयाँ पर्यटकीयस्थलका रुपमा नेपालको पहिचानका रुपमा आउनेछन्, नयाँ गन्तव्यमा सिन्धुलीगढी पनि हो र यसलाई पर्यटकको गन्तव्यका रुपमा विकास गर्न निरन्तर लागि परेका छौं ।’ साथै नेपालका पदमार्ग बनाउनेसमेत सङ्कल्प रहेको उनले बताए । उनले भने, ‘सिन्धुलीगढी, हरिहरपुरगढी जोड्ने पदमार्गजस्ता देशैभर पदमार्ग बनाउने र यसले आन्तरिक पर्यटक बढाउने नै छ र बाह्य पर्यटक भित्र्याउन मन्त्रालयले आवश्यक काम गरिरहेको छ ।’

भ्रमण वर्ष २०२० ले आत्मबल बढाउने, मनोविज्ञान बढाउने छ र एकदशक नेपालको पर्यटनका निम्ति काम गर्नुपर्ने उनले बताए । ‘यहाँका पर्यटकीयस्थलको खोजी, संरक्षण, विमानस्थलको निर्माण, सडक यातायातको स्तरोन्नति गर्दै पर्यटन मैत्री बनाउनुपर्नेछ,’ पत्रकार सम्मेलनमा उनले भने, ‘आम नेपालीलाई पर्यटनका बारेमा जागरुप पैदा गर्नुपर्नेछ र २०२० नेपालको पर्यटन क्षेत्रका लागि आधार वर्षका रुपमा रहनेछ । यसमा सरकारले निजी क्षेत्रले लगानी गर्ने र अन्तरराष्ट्रिय लगानीसमेत जुट्ने अवस्था छ ।’ उनले काठमाडौंको नजिकका क्षेत्रबाट नजिक रहेकाले जिल्लावासीले यसको भरपुर प्रयोग गर्न जिल्लाका बासिन्दालाई आग्रह गरे ।

सातै प्रदेशबाट शुरु भएको भ्रमण वर्ष २०२० मा ८० भन्दाबढी देशमा त प्रचारप्रसार भरहेको र विश्वभर अहिले प्रचारप्रसार भइरहेकाले २०२० मा २० लाखभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य पूरा हुने उनले उल्लेख गरे ।

# सामुदायिक वनका अध्यक्षसहित १३ विरुद्ध मुद्दा दायर



**काठमाडौं /मस-** सामुदायिक वनको रुख अवैध ढंगले कटान गरी बिक्री गरेको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेतीदेवी सामुदायिक वन उपभोक्ता समूह, मकवानपुरका अध्यक्ष तथा जिल्ला वन कार्यालय हेटौंडाका तत्कालीन जिल्ला वन अधिकृतसहित १३ जना विरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले उनीहरुविरुद्ध रु एक करोड ५२ लाख २९ हजार ३२६ बराबरको भ्रष्टाचार गरेको अभियोग लगाएको छ । आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार तत्कालीन जिल्ला वन अधिकृत राजेन्द्र न्यौपाने, तत्कालीन सहायक वन अधिकृतहरु रामबाबु यादव, राजेन्द्रमान राजभण्डारी, विशाल भट्टराई, सोनालालप्रसाद जैसवाल र नारायणबहादुर कार्की भ्रष्टाचारमा संलग्न रहेका छन् ।

त्यस्तै तत्कालीन रेन्जर राजु लामा, तत्कालीन फरेष्टर मोहनराज घिमिरे, तत्कालीन वन रक्षकद्वय किरणकुमार क्षेत्री र धनलाल यादव, वन उपभोक्ता समितिका अध्यक्ष कमानसिंह न्यासुर, सचिव हरिमाया मोक्तान र कोषाध्यक्ष रेजिना गोलेविरुद्ध पनि आयोगले मुद्दा दायर गरेको हो । उनीहरु सबैलाई समान रु एक करोड ५२ लाख १९ हजार ३२६ बिगो कायम गरी मुद्दा दायर गरिएको प्रवक्ता कोइरालाले जानकारी दिए ।

आयोगले डिभिजन सडक कार्यालय प्यूठानका डिभिजन प्रमुख ध्रुवकुमार श्रेष्ठ र इन्जिनियर निरोज महर्जनविरुद्ध रु २० घुस लिएको आरोपमा मुद्दा दायर गरेको छ । सेवाग्राहीबाट निर्माण भइरहेको सडकको भुक्तानीका लागि बिल पेस गरेकामा कामको विवरण घटाइ उनीहरुले घुस लिएको आरोप लागेको छ । गत मंसिर २४ गते इन्जिनियर महर्जनले नयाँ बानेश्वरस्थित एक रेष्टुरेन्टमा सेवाग्राहीलाई बोलाइ घुस मागेको आयोगको अनुसन्धानबाट खुलेको छ ।

यस्तै आयोगले आइतबार नै नवलपरासीको रामग्राम नगरपालिका-१८ का वडाध्यक्ष गोपाल डिस्वा मगरविरुद्ध पनि मुद्दा दायर गरेको छ । नाता प्रमाणित तथा औषधोपचारको सिफारिश गरिदिने भन्दै वडाध्यक्ष मगरले सेवाग्राहीसँग रु दुई लाख घुस लिएको आयोगले आरोप लगाएको छ ।

यसैगरी साविक कलैया नगरपालिका-७ को पन्नादेवी कन्या उच्च माध्यामिक विद्यालयका प्रधाननाध्यापक सुनरपतिकुमारी यादवविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । विद्यालयको आर्थिक कारोबार गर्दा झुट्टा बिल भरपाइँ बनाएको, नक्कली कागजात तयार पारी सरकारी स्रोतबाट प्राप्त रु १२ लाख २६ हजार ४६९ बराबरको भ्रष्टाचार गरेको आयोगले जनाएको छ ।

# कुटपिटका कारण निधन

**रसुवा /मस-** कुटपिटका कारण उत्तरी रसुवास्थित गोल्जुङ गाउँ निवासी एक युवकको गए राति निधन भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज गिरीका अनुसार मृत्यु हुनेमा रसुवा, आमाछोदिङ्मो गाउँपालिका वडा नं ४ गोल्जुङ निवासी ४६ वर्षीय सार्की गुरूङ छन् ।

सोही स्थानका ४१ वर्षीय मिङ्मार सिंगी तामाङको मुक्का प्रहारबाट शनिबार राति गुरूङको निधन भएको प्रहरीले जनाएको छ । शनिबार साँझ ८.३० बजे गोल्जुङ इलाका क्षेत्रमा दुई पक्षबीच सामान्य विवाद हुँदा तामाङले गुरूङलाई एक्कासि मुक्का प्रहार गर्दा ढुङ्गामा पछारिई टाउकामा गम्भीर चोट लागेर उनको निधन भएको बुझिन आए पनि घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरी निरीक्षक गिरीले जानकारी दिए ।

यसैबीच रसुवागढी नाकाबाट लुकाइछिपाई केरूङतर्फ लान लागिएको अमेरिकी डलर सात हजारसहित रसुवा गोल्जुङका एक युवक शनिबार पक्राउ परेका छन् । पक्राउ पर्नेमा गोल्जुङ निवासी २२ वर्षीय कान्छाकुमार घले रहेको सीमा प्रहरी चौकी टिमुरेका प्रहरी निरीक्षक खेम नेपालले जानकारी दिए । अभियुक्त घलेमाथि कानूनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।


## UAE मा रोजगार | कम्पनी : TARGET ENGINEERING CONSTR. CO. LLC शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७५/११/१३ पून स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१३७६८८ पून चलानी नं.: ६०३ LT. No.: 217798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 80 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Forms Carpenter | 55 | 0 | | 1200 | ३६,९८५ | | | | | | | |
| 3. | Painter Assistant | 24 | 0 | | 1200 | ३६,९८५ | | | | | | | |

अन्तर्वार्ता शिवम ट्रेनिङ सेन्टर, जनकपुरधाम, धनुषामा माघ ५ र ६ गते (19 & 20 Jan. 2020) मा पिस ट्रेनिङ सेन्टर, ग्वार्को, ललितपुरमा माघ ७ गते (21 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## शुन्य लागत (Zero Cost) सहित मलेशियामा रोजगारको अवसर

१. कम्पनी : KESELAMATAN KASPOLITE SDN BHD शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१४९९५७ L.T. No.: 230574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : OEL DISTRIBUTION (KEDAH) SDN.BHD. शहर: JALAN
पूर्व स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१४९९५० L.T. No.: 230585

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1100 | ३०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता यस प्रा.लि.को कार्यालय काठमाडौंमा माघ ६ गते (20 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Trendway International Pvt. Ltd.
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.
श्रम इजाजत न.: ६१६/०६३/०६४
ट्रेन्डवे हाउस, पानीपोखरी, फोन : ४००२६४६, ४००२६४७
Kathmandu : 9801144176, 9869135666, 9869135999



## Kuwait मा रोजगार | कम्पनी: NATIONAL FISHING COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७५/०६/२१ पून स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१३४१३५ पून चलानी नं.: ६१३ LT. No.: 213876

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 34 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 150 | ५५,९६० | | | | | | | |
| 3. | storekeeper (cleaner) | 4 | 0 | | 120 | ४४,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ८, ९ र ११ गते (22, 23 & 25 Jan. 2020) मा सेन्टर पोइन्ट होटल विर्तामोडमा माघ १० गते (24 Jan. 2020) माहुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

H.R. International Employment Services Pvt. Ltd.
(SCM MANPOWER COMPANY PVT. LTD.)
Creating Opportunities Worldwide. Gov. Lic No. 247/058/059
House no:268-01, (Opposite to nova Academy) Dhapasi,Basundhara-8, Kathmandu
G.P.O. box no 8974 CPC 203, Tel.: 4359611, 4358512, Mob.: 9851039487, 9851064896, 9801080947, 9851019574
E-mail: hrintl2016@gmail.com, Web: www.hrintnepal.com



## साउदीमा रोजगार | कम्पनी : EAMAR ALAWASAM BLOCK AND READY- MIX Co. शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९८९१ LT. No.: 230293

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ६ गते (20 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.
इजाजत नं. ९२७/०५७/०५८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोन: 01-6925178, Mob.: 9817450256
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com



## UAE मा रोजगारको अवसर | कम्पनी : AFNAN LADIES SALON शहर: UAE

पूर्व स्वीकृत मितिः २०७६/०१/२४ चलानी नं.: ६०१४९८५६ LT. No.: 220035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Maker Up | 0 | 2 | | 1200 | ३६,९८५ | | | | | | | |
| 3. | Hair Stylist | 0 | 5 | | 1200 | ३६,९८५ | | | | | | | |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय काठमाडौंमा माघ ६ गते (20 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Bon Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1514/074/075
Sinamangal-9, Shambhu Marga, Kathmandu, Tel.: 4479751, 4479851, 9801161254, 9841125074

# 'सरकारको सावधानीले चिसोबाट मानवीय क्षति हुन पाएन'



**काठमाडौं/मस–** चिसो, शीतलहर र हिमपातका कारण जनजीवन प्रभावित भए पनि यो वर्ष कुनै मानवीय क्षति नभएको सरकारले जनाएको छ । गृहमन्त्री रामबहादुर थापाले सरकारको आवश्यक सावधानी र समन्वयका कारण मानवीय क्षति बेहोर्नु नपरेको जानकारी गराउँदै चिसोको मौसम बाँकी नै रहेको हुँदा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काममा सक्रिय हुन मातहतका निकायलाई निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा आइतबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री थापाले हिमपात र शीतलहर बढ्नसक्नेतर्फ संकेत गर्दै थप सतर्कता अपनाउनसमेत आग्रह गरे ।

विपद् जोखिम न्यूनीकरण र यसको व्यवस्थापन विश्वव्यापी समस्या हो । जोखिम न्यूनीकरणका लागि सबै देश आ–आफ्नै ढङ्गले लागिरहेका छन् । नेपालले आफ्नो भौगोलिक अवस्था र परिस्थितिअनुसार विशेष योजना बनाएर जोखिम न्यूनीकरणका काम गरिरहेको सरकारको भनाइ छ । मुलुकले हिउँदमा चिसोबाट र बर्खामा बाढी, पहिरो र डुबानबाट उत्पन्न विपद्को सामना गर्नुपरेको छ ।

विगतमा पनि सरकारले चिसोका कारण सामान्यबाहेक ठूलो क्षति बेहोर्नु नपरेको स्मरण गर्दै गृहमन्त्री थापाले विपद्बाटभन्दा बढी मानवीय क्षति सडक दुर्घटनाबाट हुने गरेको भन्दै चिन्ता प्रकट गरे । 'उक्त दुर्घटनाबारे प्रधानमन्त्री र राष्ट्रपतिले पनि चासो व्यक्त गर्नुभएको छ, सडक दुर्घटना रोक्न र यसबाट हुने जनधनको क्षति न्यूनीकरणमा ठूलै काम गर्नुपर्ने देखिएको छ,' बैठकमा गृहमन्त्री थापाले भने । उनले हालै गठन भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देशको अवस्थाअनुसार योजना निर्माण गरेर जोखिम न्यूनीकरणमा काम गर्ने आशा व्यक्त गरे ।

बैठकमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले विपद्को अवस्थाबारे जानकारी गराएको थियो । बैठकले प्राधिकरणको कार्य सञ्चालन कार्यविधि र विपद् पूर्वतयारी तथा प्रतिकार गर्ने योजना तर्जुमा निर्देशिका २०७६ को मस्यौदा पनि स्वीकृत गरेको गृह मन्त्रालयले जनाएको छ ।

विपद् व्यवस्थापन कोषबाट शीतलहर तथा हिमपातको असर न्यूनीकरणका लागि पूर्वतयारी गर्न तराईका २२ र हिमाली क्षेत्रका २० जिल्लाका लागि छुट्याइएको एक करोड ४० लाख, ७९ हजार, दिवस मनाउन छुट्याएको रु ५० हजार र जिल्ला विपद् व्यवस्थापनका लागि कोषमा निकासा गरेको रु ५३ लाख गरी कूल रु एक करोड ९४ लाख निर्णयको अनुमोदन गरेको छ । बैठकमा विभिन्न जिल्लामा हिमपात, शीतलहर र चिसोबाट प्रभावितलाई राहत वितरण अवस्थाबारे जानकारी गराइएको थियो ।

# निर्वाचन आचारसंहिता लागू




**काठमाडौं/मस–** निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको आगामी माघ ९ गते हुने निर्वाचनका सन्दर्भमा व्यक्ति, निकाय तथा अधिकारीलाई आइतबारदेखि लागू हुने गरी निर्वाचन आचारसंहिता जारी गरेको छ । निर्वाचनलाई स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न जारी भएको निर्वाचन आचारसंहिताको पूर्णरूपमा पालना गर्न/गराउन आयोगले सम्पूर्ण निर्वाचन सरोकार पक्षलाई निर्देश गरेको छ ।

उक्त आचारसंहिता नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र स्थानीय तह, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी, सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीलाई लागू हुनेछ ।

त्यस्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी, निर्वाचनका काममा संलग्न कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलका भ्रातृ संगठन र उम्मेदवार तथा सम्बन्धित व्यक्तिका हकमा समेत उक्त आचारसंहिता लागू हुनेछ ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठद्वारा आइतबार जारी प्रेस विज्ञप्तिका अनुसार सार्वजनिक पद धारण गरेका व्यक्ति, पर्यवेक्षक, सरकारी तथा निजी क्षेत्रका सञ्चारमाध्यम, निजी तथा गैरसरकारी संस्था, नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले पनि निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

# पर्यटक बोलाउन महोत्सव



**रामपुर/मस–** पाल्पाको धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक वस्तुको पहिचान, लोककला र संस्कृतिको विकास गर्ने उद्देश्यले नेपाल भ्रमण वर्षका अवसरमा पाल्पामा महोत्सव नै महोत्सव भएको छ । सयौं पर्यटकीय एवं धार्मिक इतिहाससँग जोडिएको पाल्पाका धार्मिकस्थल, सामुदायिक वन, मठमन्दिर, विभिन्न दरबार, खाना, जातजातिको वेशभूषा र संस्कृतिको प्रचारप्रसार गरेर पर्यटकलाई पाल्पासम्म आउने वातावरण मिलाउन पाल्पामा महोत्सव भइरहेको सरोकार भएका संघसंस्थाहरुले जनाएका छन् ।

दर्लमडाँडामा यही पुस २१ गते भएको बृहत् भेला तथा एकदिने महोत्सवमा पाल्पामा जन्मेका कलाकार, पत्रकार, सरकारका उच्चपदस्थ व्यक्ति तथा विशिष्ट व्यक्तिलाई जुटाएर पाल्पाको भावी कार्ययोजना तथा पर्यटन विकासका सम्भाव्यता अध्ययनका निम्ति महत्वपूर्ण काम भएको संयोजक नवीन पौडेलले बताए । यस्तै पुस २५ मा मगरी खाना महोत्सव सम्पन्न भयो । तानसेन– ९ दमकडामा आउँदो फागुन १ देखि १९ गतेसम्म पाल्पा महोत्सव हुने भएको महोत्सव मूल आयोजक समितिका संयोजक चिरञ्जीवी पोखरेलले जानकारी दिए ।

पाल्पाको तानसेन नगरपालिकामा नेपाल मगर संघको आयोजनामा भएको मगरी खाना महोत्सवले पाल्पाका मगर समुदायको फरकफरक कला, उनीहरूको वेशभूषा, संस्कृति तथा प्रचलित खानाका परिकार उजागर गर्‍यो । नेपाल मगर सङ्घ पाल्पाका अध्यक्ष तेजबहादुर घर्तीले मेलामा कोदोबाट बनेका परिकार, वन तरुल, बटुक, सखरखण्ड, विभिन्न मासुका परिकार तथा मगर समुदायमा प्रचलित मारुनी, भ्याउरे, घाँटु, सालैजो, जीवैमामा सोरठी र नाचको प्रदर्शनले सबैलाई आकर्षित बनाएको बताए । उनले भने, 'महोत्सवले पाल्पाका मगर समुदायको रहनसहन, संस्कृतिका बारेमा सिक्ने मौकासमेत दियो ।'

बाउन्न प्रतिशत मगर जनजातिको बस्ती रहेको पाल्पामा मगर खाना महोत्सवले उनीहरूको पहिचानको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको मगरसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाको भनाइ छ । यसअघि तानसेन विशाल बजार सडकमा पाल्पाको स्थानीयस्तरमा तयार पारिने विभिन्न खाना सडकमै खाने अवसरसमेत जुटेको थियो । आइतबार तानसेनको बडिगान टोल विकास संस्थाले नेवारी खाना महोत्सव आयोजना गरेको छ । विभिन्न जातजाति, धर्म, संस्कृति र रहनसहन भएको पाल्पामा उनीहरूकै संस्कृतिलाई मेलामा हेर्न पाइन्छ ।

पाल्पा व्यापार संघको आयोजनामा हुने पाल्पा महोत्सवमा दैनिक उपभोग्य वस्तु तथा सेवाको प्रदर्शनी र बिक्री, विविध संस्कृति झल्कने कक्ष, उत्कृष्ट बालोद्यान, स्थानीय तथा राष्ट्रिय स्तरका कलाकारको सांगीतिक प्रस्तुति, विभिन्न जनजातिका संस्कृति झल्किने प्रस्तुति, गाउँपालिकास्तरीयपञ्चैबाजाप्रतियोगिता, विद्यालयस्तरीय पर्यटनसम्बन्धी प्रतियोगिता, पर्यटन प्रवर्द्धनसम्बन्धी गोष्ठी, राष्ट्रियअन्तरराष्ट्रिय वस्तुको प्रदर्शनी, कृषिसम्बन्धी गोष्ठी, औद्योगिक प्रदर्शनीलगायत कार्यक्रम महोत्सवमा हुने तय गरिएको समिति संयोजक पोखरेलले बताए ।

पाल्पा, स्याङ्जा र गुल्मी जिल्लाको संगमस्थल रिडी रुरुधाम कालीनदी किनारमा पनि महोत्सव हुने भएको छ । यही पुस २९ देखि आगामी माघ ९ गतेसम्म हुने महोत्सवको तयारी भइरहेको छ । चार धाममध्येको एक धामका रुपमा चिनिने धार्मिक हिसाबले महत्वपूर्ण रहेको गुल्मी तथा पाल्पाको बीचमा पर्ने रिडीघाटमा माघ स्नान गरे पुण्य मिल्छ भन्ने धार्मिक विश्वास छ । त्यस क्षेत्रमा माघमा नुहाउन तथा मन्दिरमा दर्शन गर्न देश तथा छिमेकी देश भारतबाट समेत वर्षेनी भक्तजन आउँछन् । विभिन्न समिति तथा उपसमिति गठन गरेर मेलाको तयारी थालिएको छ । रिडीमा पाल्पाली ढाका, बाँसबाट तयार पारिएका नाङ्ला, डाला, राडीपाखी, कम्बल, टिमुर तथा खुदो र उखुको व्यापार हुने गर्छ ।

विगत वर्षमा पनि काठबाट बनाइएका ठेकाभाँडा, फलामका ताँवा, हँसिया, अम्रिसोको कुचो, कटुसलगायत स्थानीय उत्पादन खरीद बिक्री भएका थिए । यस वर्ष पनि माघेसङ्क्रान्ति मेलामा यिनै स्थानीय उत्पादनको बिक्री गरिने र स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने लक्ष्य रहेको मेला मूल आयोजक समितिका संयोजक सुवर्णलाल कक्षपतिले बताए ।

यसरी आयोजना हुने मेला तथा महोत्सवले जिल्लामा उत्पादन हुने कृषि उपज, यहाँका नागरिकले तयार पारेका सीपको संरक्षण तथा प्रवर्द्धन, कलासंस्कृति, वेशभूषाको संरक्षण हुनेछ । पाल्पा जिल्ला सालैजो, रोइला, ख्याली, घाटु, चुट्का, भ्याउरे, मारुनी, सोरठी, बालनलगायत संस्कृतिले समेत धनी छ । यसरी बेलाबेला हुने मेलामहोत्सवले आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धन तथा नेपाल भ्रमण वर्ष २०२० सफल बनाउन सहयोग पुग्ने आयोजकहरू बताउँछन् ।


## मलेसियामा रोजगारको अवसर | कम्पनी : ONITEK GLOBAL SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२७ चलानी नं.: ६०१४९९६० LT. No.: 230759

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय काठमाडौंमा माघ ६ गते (20 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

PALHI OVERSEAS PVT. LTD. NEPAL

पाल्ही ओभरसिज प्रा. लि.

श्रम इजाजत नं. ५९४/०६२/०६३

जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५

E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

**To carry drugs, narcotics and drinking alcohol to Saudi Arabia means death sentences because it is against of Saudi law.**

## साउदीमा रोजगारको अवसर | कम्पनी: AL ATAB CONTRACTING शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/०९/२७ चलानी नं.: ६०१४९९४३ L.T. No.: 230805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1300 | ३९,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ६ गते (20 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

